# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १३२ | काठमाडौं | शनिबार, १६ भदौ २०८० | Prabhab National Daily | Saturday, September 2, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# आठ वर्षपछि तातोपानी नाकाबाट आवतजावत

■ प्रभाव संवाददाता

**मेलम्ची (सिन्धुपाल्चोक)–** नेपाल-चीन सीमास्थित तातोपानी नाकामा आठ वर्षपछि मानिस आवतजावत सुरु भएको छ । शुक्रबार लिपिङस्थित मितेरी पुलबाट नेपाली अध्यागमन कार्यालयको पास लिएका सिन्धुपाल्चोकका बासिन्दा चिनियाँ सुरक्षाकर्मीलाई जाँच गराएर चीनतर्फ प्रस्थान गरेका छन् । सांसद माधव सापकोटासहितको टोलीलाई चिनियाँहरूले भव्य स्वागत गरेका थिए ।

नाका खुलाउन नेतृत्वदायी भूमिका खेलेका सिन्धुपाल्चोक क्षेत्र नं १ बाट प्रत्यक्ष निर्वाचित प्रतिनिधिसभा सदस्य माधव सापकोटा बिहानै तातोपानी नाका पुगेका थिए । तातोपानी क्षेत्रका जनप्रतिनिधि, भन्सार र अध्यागमन कार्यालयका अधिकारीसहित नाकामा पुगेका उनले अब नाका पूर्ण सञ्चालनमा आएको बताए ।

२०७२ वैशाख १२ गतेको विनासकारी भूकम्पपछि नेपाल-चीनबीचको सो नाका पूर्णरूपमा बन्द थियो । नेपाल र चीन दुवैतर्फ ठूलो मानवीय र भौतिक क्षति भएका कारण लामो समयसम्म नाका बन्द अवस्थामा थियो । भूकम्प सिर्जित कठिनाइ पन्छाएर सीमितरूपमा मात्रै सञ्चालन भएको नाका २०७६ फागुनमा विश्वव्यापीरूपमा कोरोना भाइरसको महामारी फैलिएपछि पुनः बन्द भएको थियो ।

चीनबाट सीमित सामान आयातका लागि खुला रहेको नाकाबाट २०८० वैशाख १८ (१ मे) बाट दोहोरो आयात निर्यात खुलाइएको थियो । आयात निर्यात खुलेलगत्तै मानिस आवतजावतका लागि संसद्मा सापकोटाले आवाज उठाएका थिए । साथै, कूटनीतिक भेटघाट तथा प्रधानमन्त्री, गृहमन्त्री र परराष्ट्र मन्त्रीको ध्यानाकर्षणसमेत गराएका थिए ।

केही समयअघि चिनियाँ अधिकारीले १५ भदौदेखि मानिस ओहोरदोहोरका लागि नाका सञ्चालन गर्ने तयार रहेको खबर पठाएका थिए । त्यसपछि चिनियाँ अधिकारीबीच भएको छलफलले स्थानीय आवतजावत गर्न पाउने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी रमेश न्यौपानेले जानकारी दिए ।



## पुरानै लयमा फर्किने आशा

**सिन्धुपाल्चोक–** आठ वर्षअघिसम्म नेपालको उत्तरी नाका तातोपानी भन्सार कार्यालय राजस्व संकलनको मेरुदण्ड थियो । यस नाकाबाट मात्रै दैनिक करोडौंको सामान आयात तथा निर्यात हुने गर्दथे ।

२०७२ वैशाख १२ गतेको भूकम्पपछि यो नाका चीनले एकतर्फी रूपमा सुरक्षाको कारण देखाउँदै बन्द गर्‍यो । यसको मार आममानिससँगै देशको अर्थतन्त्रमा देखियो । हाल प्रधानमन्त्री पुष्पकमल दाहालको चीन भ्रमणको पूर्वसन्ध्यामा भोटेकोशी गाउँपालिका-२ बाट चीन जोड्ने नाकाबाट लामो समयपछि मानिसलाई आवतजावतका लागि खुला गरिएको छ ।

अध्यागमन कार्यालय कोदारीका अनुसार चिनियाँ क्षेत्र प्रवेशका लागि अध्यागमन कार्यालय कोदारीले शुक्रबारसम्म २०० भन्दा बढी निलो रङको पास जारी गरेको छ । उक्त पास सीमाबाट ३० किलोमिटर क्षेत्रभित्रका सिन्धुपाल्चोकवासी मितेरी पुलपारिका क्षेत्रमा जान पाउने प्रमुख जिल्ला अधिकारी रमेश न्यौपानेले बताए ।

ढिलै भए पनि यो नाका सञ्चालनमा आएपछि स्थानीयवासी र व्यापारी तातोपानी नाका पुरानै लयमा फर्किनेमा आशावादी देखिएको तातोपानीका स्थानीयवासी गंगा बज्राचार्य बताउँछन् । यसअघि आयात-निर्यात पटक-पटक खुल्दै र बन्द हुँदै आएकोमा सर्वसाधारणका लागि भने आवतजावत खुलाइएको थिएन ।


विभिन्न चरणको छलफलपछि सीमित कन्टेनरबाट सामान आयात गर्नका लागिमात्र गत वैशाखदेखि नाका खोलिएको थियो । पहिलेजस्तो सहज नभए पनि धेरथोर सामान आयात गर्न व्यापारी पनि अचेल नाकामा पुग्न थालेका छन् । भूकम्प र जुरेको पहिरोपछि उत्तरी नाकाको बाटोको अवस्था भने नाजुक रहेको उनीहरूको गुनासो छ ।

(बाँकी पृष्ठ २ मा)

प्रधानमन्त्री दाहालको विदेश यात्रा

# जहिल्यै नक्सा विवादको भूमरीमा

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल असोज पहिलो साता चीन पुग्दै छन् । दाहाल चीन भ्रमण निस्कनुअघि नक्सा विवाद बल्झिएको छ । दाहाल यसअघि भारत भ्रमणमा निस्कँदा भारतले पनि अखण्ड भारतको नक्सा जारी गरेर विवादको भूमरीमा परेका थिए ।

सोमबार चीनको प्राकृतिक स्रोत मन्त्रालयले नक्सा जारी गर्‍यो । उक्त नक्सामा नेपालको चुच्चे नक्सा समेटिएन । एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री छँदा लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई समेटेर २०७७ जेठ ७ मा नयाँ चुच्चे नक्सा प्रकाशन भएको थियो । नेपाली भूमि समेटिएको उक्त नक्सालाई भारतले स्वीकारेको छैन । चीनले पनि चुच्चे नक्सालाई मान्यता नदिएपछि सरकारमाथि पनि फेरि प्रश्न उठेको हो ।

चौतर्फी विरोधपछि शुक्रबार सरकारले चीनले जारी गरेको नयाँ नक्साबारे आफ्नो धारणा सार्वजनिक गरेको छ । परराष्ट्र मन्त्रालयले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै चीनले २८ अगस्ट २०२३ मा जारी गरेको 'चीनको मानक नक्साको २०२३ संस्करण' सम्बन्धमा आफ्नो धारणा स्पष्ट पारेको हो ।

'नेपाल सीमा विवाद वार्ता र कूटनीतिबाट समाधान गर्न प्रतिबद्ध छ,' विज्ञप्तिमा भनिएको छ । नेपाल नक्सा नेपाली संसद्ले अनुमोदन गरेको र त्यसमा नेपाल सरकार प्रतिबद्ध रहेको उल्लेख छ । 'सन् २०२० मा नेपालको संसद्ले सर्वसम्मतिले स्वीकृत गरेको राजनीतिक र प्रशासनिक नक्सामा नेपाल दृढ र स्पष्ट छ,' प्रेस नोटमा छ ।

- भारत उड्नुअघि जेठ १४ गते उद्घाटन भएको नयाँ संसद् भवनमा 'अखण्ड भारत'को नक्सा राख्यो । उक्त नक्सामा 'अखण्ड भारत' भन्दै नेपालको लुम्बिनी, कपिलवस्तुदेखि पाकिस्तानको तक्षशिलासम्मको क्षेत्रलाई समेटिएको थियो
- जेठ १७ गते जम्बो टोली लिएर भारत पुगेका दाहालले भारतीय पक्षसँग कुरै नगरी फर्किए
- असोज पहिलो साता हुने चीन भ्रमणमा दाहालले बुच्चे नक्सा राखिएकोबारेमा कूटनीतिक कुराकानी गर्ने बताइएको छ

मन्त्रालयले संसद्ले सन् २०२० मा सर्वसम्मतिले स्वीकृत गरेको नेपालको राजनीतिक र प्रशासनिक नक्सामा नेपाल दृढ र स्पष्ट उभिएको उल्लेख गरेको छ । साथै, उक्त नक्सालाई छिमेकी र अन्तर्राष्ट्रिय समुदायले सम्मान गर्नुपर्छ भन्नेमा नेपाल सरकार स्पष्टरूपमा विश्वस्त रहेको जनाइएको छ । नेपाल सीमा विवाद वार्ता र कूटनीतिबाट समाधान गर्न प्रतिबद्ध रहेको विज्ञप्तिमा उल्लेख छ । काठमाडौंका मेयर बालेन्द्र साह 'बालेन' चीनले जारी गरेको नक्साको विरोधमा आफ्नो चीन भ्रमण रद्द गरिसकेका छन् ।

**भारतमा निस्कँदा उस्तै विवाद**

प्रधानमन्त्री दाहाल गत जेठमा भारत भ्रमणमा निस्कँदै थिए । उक्त समयमा पनि सीमा विवाद चर्कियो । जेठ १४ गते उद्घाटन भएको नयाँ संसद् भवनमा 'अखण्ड भारत'को नक्सा राख्यो । उक्त नक्सामा 'अखण्ड भारत' भन्दै नेपालको लुम्बिनी, कपिलवस्तुदेखि पाकिस्तानको तक्षशिलासम्मको क्षेत्रलाई समेटिएको थियो ।

(बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# इजरायल जान थप ६ जना नेपाली कामदारलाई भिसा



■ प्रभाव संवाददाता

**काठमाडौं–** इजरायलस्थित दीर्घकालीन स्याहार केन्द्रका लागि छ जना नेपाली सहायक कामदारले भिसा प्राप्त गरेका छन् । वैदेशिक रोजगार विभागको इजरायल शाखाले शुक्रबार यसबारे जानकारी दिएको हो ।

शाखाले जारी गरेको सूचना अनुसार दीर्घकालीन स्याहार केन्द्रका लागि सम्झौता गरेका नेपाली सहायक कामदार हरुमध्ये इजरायल दूतावासको कन्सुलर विभागबाट भिसासम्बन्धी छ जनाको नामावली प्राप्त भएको जनाएको छ । भिसा प्राप्त गर्नेमा शोभा श्रेष्ठ, चन्द्रिका लिङदम, रेन्छिनडोल्मो लामा, सीता शर्मा, सविता केसी र किशोरा खड्का रहेका छन् । उनीहरुलाई इजरायल जाने थप प्रक्रियाका लागि विभागमा सम्पर्क गर्न विभागले आग्रह गरेको छ ।

- थप प्रक्रियाका लागि विभागमा सम्पर्क गर्न आग्रह
- दीर्घकालीन स्याहार केन्द्रमा रोजगारी
- यही महिनाको चौथो हप्तामा इजरायलका लागि उडान हुने
- श्रम स्वीकृतिका लागि अनलाइन आवेदनमा म्यादी जीवन बिमा गरेको हुनुपर्ने

विभागले राहदानी बुझ्न, उडानअनुसार बनाइने भाइबर ग्रुपमा आफ्नो नाम समावेश गराउन र आफूले लगाएको कोभिड-१९ विरुद्धको खोपसम्बन्धी विस्तृत विवरण उल्लेख गर्न विभागको ताहाचलस्थित कार्यालयको इजरायल शाखामा यथाशीघ्र सम्पर्क गर्न भनेको छ । उल्लिखित कामदारहरुको इजरायलका लागि उडान यही महिनाको चौथो साताभित्र हुन सक्ने बताइएको छ । त्यसका लागि हवाइ टिकट बुकिङका लागि राहदानीसहित नागपोखरीस्थित सिलिंक होलिडेज प्रालिमा सम्पर्क गर्न भनिएको छ ।

इजरायल उड्नका लागि प्रतिव्यक्ति ५९ हजार ९९० रूपैयाँ लाग्ने उल्लेख गर्दै विभागले सो रकम बैंक खातामा जम्मा गर्नसमेत आग्रह गरेको छ । प्रत्येक नेपाली कामदार उडान गर्नुपूर्व ७२ घण्टाभित्र कोभिड-१९ को पिसिआर परीक्षण गराउनुपर्नेछ । उक्त परीक्षणमा 'नेगेटिभ' आएको अवस्थामा मात्र इजरायलका लागि उडान गर्न पाउनेछ । पूर्ण खोप लगाएको भए १८० दिनसम्मकालाई मान्यता दिइने उल्लेख छ ।

'मेडिकल फिट भई वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा मेडिकल फिट विवरण नजनाइएको उम्मेदवारले तत्कालै विवरण अद्यावधिक गरिदिनका लागि स्वास्थ्य परीक्षण गराएको सम्बन्धित स्वास्थ्य संस्थालाई अनुरोध गर्ने,' विभागको सूचनामा उल्लेख छ ।

साथै, श्रम स्वीकृतिका लागि अनलाइन आवेदनमा म्यादी जीवन बिमा गरेको हुनुपर्नेसमेत विभागले उल्लेख गरेको छ । 'कल्याणकारी कोषको रकम तिरेको हुनुपर्ने साथै सामाजिक सुरक्षा कोषमा नियमानुसार रकम अनलाइन प्रणालीमार्फत दाखिला गर्नुपर्ने भएकोले इजरायल जाने प्रत्येक नेपाली कामदारले तत्कालै सो कार्य गर्ने,' विभागको सूचनामा उल्लेख छ ।

इजरायल नेपालीहरुको लागि आकर्षक रोजगार गन्तव्यका रूपमा रहेको छ । विशेषगरी महिला कामदारको माग त्यहाँबाट आउने गरेको व्यवसायीहरु बताउँछन् ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# ‘न्याय क्षेत्रमा प्रवेश गरेपछि पछाडि फर्कनु परेन’



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानन्यायाधीस विश्वम्भरप्रसाद श्रेष्ठले आफू न्याय क्षेत्रमा प्रवेश गरेपछि कहिल्यै पछाडि फर्कनु नपरेको बताएका छन् । सुदूरपश्चिमाञ्चल सरोकार मञ्चले शुक्रबार अभिनन्दन गर्ने क्रममा उनले सो कुरा बताएका हुन् । ‘न्यायापालिका प्रवेश गरेपछि पछाडि फर्केर हिँड्नु परेन । जहिले पनि म अग्रस्थानमा पुगिरहेको छु,’ उनले भने ।

त्यसपछिका वृत्तिविकासमा आफू सधैँ काममा अब्बल रहेका कारण नै सधैँ अग्रस्थानमा पुगेको उनको भनाइ थियो । प्रधानन्यायाधीस श्रेष्ठले मञ्चको अभिनन्दनले आफूलाई गौरव महसुस भएको उल्लेख गरे । यसले मलाई न्यायिक कार्यमा थप सक्रियता हुन र थप बल पुग्ने उनको भनाइ थियो ।

सो अवसरमा उनले आफू डोटीमा जन्मिइ सुदूरपश्चिमबाट भारतको बाटो हुँदै काठमाडौं आउनुपर्ने अवस्थामा दुःखसुख गरेर कठिनाइ र संघर्षका साथ अध्ययन तथा वृत्तिविकासमा लागेको स्मरण गरे । प्रधानन्यायाधीस कार्कीले हाल आफ्नो कार्यक्षेत्रमा राम्रै गरेको छु भन्ने लागेको र सबैले पनि त्यही बुझेको महसुस गरेको भन्ने लागेको बताए ।

‘सुदूरपश्चिम भन्नासाथ असाध्यै माया लाग्छ । जन्मेको ठाउँ । नजिक रहने हाम्रो स्वभाव पनि हो,’ उनले भने । मञ्चले सुदूरपश्चिम प्रदेशका लागि राम्रो काम गरिरहेको बताउँदै उनले आगामी दिनमा पनि निरन्तरता पाओस् भन्ने कामना गर्दै आफूबाट हुनसक्ने सहयोग सधैँ रहने प्रतिबद्धता व्यक्त गरे ।

सो अवसरमा मञ्चका अध्यक्ष बहादुरसिंह विष्टले संस्थाले गर्दै आएका कामका बारेमा जानकारी गराउँदै संस्थाका तर्फबाट अभिनन्दन गरेको थिए । यसैगरी मञ्चका संस्थापक संरक्षक एवं पूर्वप्रहरी महानिरीक्षक मोतीलाल बोहराले दोसल्ला ओढाएर सम्मान गरेका थिए ।

सुदूरपश्चिम प्रदेशको डोटीको सिलगढीमा बुवा दिव्यनारायण श्रेष्ठ र आमा देवकुमारी श्रेष्ठको कोखबाट २०१६ असोज २० गते जन्मिएका श्रेष्ठले त्रिभुवन विश्वविद्यालयबाट कानुन मा स्नातक र राजनीतिशास्त्रमा स्नातकोत्तर गरेका छन् । वि.सं. २०४१ मा सुदूरपश्चिमको क्षेत्रीय अदालतमा शाखा अधिकृतका रूपमा कार्य गरेका उनले २०४४ सालमा उपसचिव र २०४५ सालमा जिल्ला अदालत दार्चुलामा न्यायाधीशका रूपमा काम गरेका थिए । वि.सं. २०४९ मा सर्वोच्च अदालतमा डेपुटी रजिस्ट्रार र झण्डै चार दशकसम्म न्याय सेवामा रहेका उनी २०८० साल भदौ ५ गते प्रधानन्यायाधीश पदमा नियुक्त भएका हुन् ।

इन्सेकले भन्यो–

# बालसुधार गृहको घटना लापरबाहीका कारण

**काठमाडौं (प्रस)–** अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले यही भदौ ३ गते भक्तपुरको बालसुधार गृहमा भएको घटना लापरबाही र उदासिनताका कारण भएको निष्कर्षसहितको अध्ययन प्रतिवेदन सार्वजनिक गरेको छ ।

बालसुधार गृहमा रहेका एक बालकको मृत्यु भएपछि सुधार गृहबाट बालबालिका भागेको तथा प्रहरीसँगको झडपका सम्बन्धमा इन्सेकले स्थलगत अध्ययन गरेको थियो । अध्ययन प्रतिवेदनमा बालसुधार गृहमा न्यूनतम सुविधा पनि नभएको पाइएको उल्लेख छ । साथै न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप) को लापरवाही र प्रशासनको उदासीनताका कारण उक्त घटना भएको अध्ययनको निष्कर्ष छ ।

प्रतिवेदनमा सुधार गृहमा रहेका १८ वर्षे कमल बस्नेतले होस्टल वार्डेनसँग औषधि मागेको र वार्डेनले निको नामको औषधि दिएर पठाएको उल्लेख छ । साथै बस्नेत भदौ ३ गते विहान छ बजेतिर अचेत अवस्थामा फेला परेपछि मध्यपुर थिमी नगरपालिका-३ ग√ाघरस्थित नागरिक सामुदायिक अस्पतालमा लगिएको प्रतिवेदनमा उल्लेख छ । ज्वरो र पिलोका कारण बिरामी बस्नेतलाई समयमा नै उपयुक्त उपचारका लागि अस्पताल नलगिएका कारण मृत्यु भएको अध्ययनका क्रममा पाइएको छ । मन्थली नगरपालिका-३, कठजोरका बस्नेतको यही भदौ ३ गते बिहान ६ बजेतिर मृत्यु भएको थियो ।

बस्नेतको मृत्यु भएपछि त्यहाँ रहेका अन्य बालबालिका तथा मृतकका आफन्त आन्दोलित भएका थिए । उनीहरूले घटनाको निष्पक्ष छानबिन हुनुपर्ने, दोषीलाई कारबाही गर्नुपर्ने र पीडित पक्षलाई क्षतिपूर्ति दिनुपर्ने भन्दै माग गरेका थिए । सोही क्रममा प्रहरीसँगको झडपपछि सुधार गृहभित्र रहेका २२१ जना बालबालिका सुधार गृहको पछाडिको ढोका फोडेर बाहिर भागेका थिए । कारागार व्यवस्थापन विभाग मातहत रहेको र युसेप नेपालको व्यवस्थापनमा मध्यपुरथिमी नगरपालिका-२ सानोठिमीमा सञ्चालित बाल सुधार गृहमा जिल्ला अदालत रामेछापको २०७७ जेठ २९ गतेको आदेशपछि बस्नेत थुनामा थिए ।

‘बालसुधार गृहका सम्बन्धमा दीर्घकालीन रूपमा बालसुधार गृह व्यवस्थापनमा संलग्नहरूलाई अनुसन्धानको प्रक्रियामा ल्याउन, सुधार गृहभित्रको अन्तरिक व्यवस्थापनमा सुधार गर्न, भदौ ३ र ४ गतेको घटनाको निष्पक्ष र वस्तुनिष्ठ छानबिन गर्न, सुधार गृहमा क्षमताभन्दा बढी बालबालिका नराख्ने व्यवस्था गर्न र १८ वर्षभन्दा बढी उमेर पुगेकाहरूलाई सुधार गृहमा बालबालिकासँग नराख्ने व्यवस्था गर्नु जरुरी देखिएको छ,’ प्रतिवेदनमा भनिएको छ ।

अध्ययन प्रतिवेदनमा बाल सुधार गृहको सञ्चालनको जिम्मा सरकारले नै लिनुपर्ने र सुधार गृहलाई सुधार गृहकै रूपमा विकास गर्न आवश्यक भएको तथा सुधार गृहभित्र कारागारकै जस्तो भित्री सत्ताको अन्त्य गर्ने र बालमैत्री व्यवस्थापनमा जोड दिनु आवश्यक भएको उल्लेख छ ।

सुधार गृहभित्र रहेका बालबालिकाको स्वास्थ्य परीक्षणको व्यवस्था नगरेको, मानसिक स्वास्थ्यमा हेरचाह नगरेको, खानपिन, खानेपानीको प्रबन्ध नगरेको र वृत्ति विकासका लागि कुनै पहल नगरेको जनाउँदै भदौ ४ गते सुधार गृहका बालबालिका आन्दोलित भएका थिए ।

प्रहरीसँगको झडपका क्रममा नेपाल प्रहरीतर्फ ११ जना र सशस्त्र प्रहरीतर्फ आठ जना गरी १९ जना र १० जना बालक घाइते भए । घाइते बालकमध्ये रबरको गोली लागेका (घाइतेका आफन्तको भनाइअनुसार) एक जनाको अवस्था गम्भीर छ । घाइते बालकको राष्ट्रिय ट्रमा सेन्टरको आइसियूमा उपचार भइरहेको छ । घटनापछि बाहिर निस्केका २२१ बालकमध्ये चार जना अझै सम्पर्कमा नआएको प्रहरीले जनाएको छ ।

## पुरानै लयमा...

पृष्ठ १ बाट जारी

तर सीमा खुला भएसँगै दुई देशकै नागरिकले लाभ लिने स्थानीय व्यापारिकले विश्वास लिएको नेपाल हिमालय सीमापार वाणिज्य संघका पूर्वअध्यक्ष विष्णु खत्री बताउँछन् । नाका खुला हुने भएसँगै आयात र निर्यातमा वृद्धि हुने तातापानी भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत दयानन्द केसीको विश्वास छ । तर पार्किङ, सडक, यातायातलगायतका कारण सहजरूपमा व्यापार हुनेमा भने अझै शंका छ । चीन सरकार सकारात्मक रहेकाले आगामी दिनमा देखिएका चुनौती समाधान गर्दै व्यापार सजिलो बनाउन सकिने उनको भनाइ छ ।

नाका खुलेकोमा खुसियाली साट्न पगेका सिन्धुपाल्चोक-१ का सांसद माधव सापकोटाले तातोपानीसम्मको पहुँच मार्गको स्तरोन्नतिमा चीन सरकारले सहयोग गर्ने संकेत गरेको र प्रधानमन्त्री दाहालको चीन भ्रमणमा बाटो राम्रो बनाउने एजेण्डा राखिने पनि सापकोटाले बताए । संयुक्त राष्ट्रसंघको महासभामा सहभागी भएर न्युयोर्कबाट प्रधानमन्त्री असोज ५ गते चीनको बेइजिङ जाँदै छन् ।

नाकाबाट आवतजावत सुरु भएसँगै चीनतर्फका नागरिक पनि खुसी देखिएका छन् । चीनको सेबोकाकी पूर्वव्यवसायी नेमा रेन्जोमले अब चहलपहल बढ्ने र व्यापार राम्रो हुने विश्वास व्यक्त गरे । भूकम्पपछि तिब्बतको खासा बजार लामो समय मानवविहीन बनाइएको थियो । अहिले त्यहाँ निश्चित चिनियाँ बस्छन् । खासा बजारको पुनःनिर्माण भइरहेको चिनियाँ अधिकारी बताउँछन् । यसको पुनःनिर्माणपछि मानवीय आवागमन पूर्ववत् अवस्थामा फर्कने विश्वास गरिएको छ । *रासस*

## जहिल्यै...

पृष्ठ १ बाट जारी

भारतीय सञ्चार माध्यमहरूले विगतका महत्वपूर्ण अधिराज्य तथा सहरहरूलाई समावेश गरेको जनाएका थिए । भारतले अखण्ड भारतको नक्सामा नेपालको भूभाग समेटिएपछि यसबारे प्रधानमन्त्री दाहालले भ्रमणको क्रममा यस विषयमा कुरा राख्ने भनेका थिए । जेठ १७ गते दिल्ली उडे । तर अखण्ड नक्साको बारेमा भारतीय पक्षसँग केही कुरा नगरी फर्किए । संसद्मा यस विषयमा जवाफ दिनुपर्ने भन्दै संसद्देखि सर्वसाधारणले दबाब दिए पनि यो घटना यतिकै सेलायो ।

चीनले नेपालको चुच्चे नक्सा नचिनेको बारेमा पनि सर्वसाधारणले सरकारको धारणा मागिरहेको छ । यसमा मुख्यगरी प्रधानमन्त्री दाहाल के भन्छन् भन्नेबारे धेरैको चासो छ । परराष्ट्र मन्त्रालयले आफ्नो धारणा राखे पनि चीन भ्रमणमा दाहालले यो कुरा उठाउनुपर्ने दबाब बढेको छ ।

माओवादी प्रवक्ता अग्नि सापकोटाले चीनले नेपालको चुच्चे नक्सा नसमेटेको विषयमा प्रधानमन्त्री दाहालले चीन भ्रमणको क्रममा कुरा राख्ने बताए । चीनसँग नक्सा विवादबारे प्रधानमन्त्री दाहालले कूटनीतिक तवरबाट कुरा राख्ने सापकोटाले दाबी गरे । ‘चीनले किन यसो गरेको भन्नेबारे कूटनीतिक तवरबाट हल खोजिनुपर्छ । हाम्रा प्रधानमन्त्रीज्यू चीन भ्रमणमा जाँदै हुनुहुन्छ । यस विषयमा कुरा राख्नुहुन्छ,’ माओवादीको तीन महिने विशेष अभियानलाई लिएर पार्टीका प्रवक्ता सापकोटाले आयोजना गरेको पत्रकार सम्मेलनमा सापकोटाले भने, ‘के कसो भएको हो, हामी बुझ्ने प्रयास गरिरहेका छौं ।’

नयाँ नक्सामा भारत र फिलिपिन्सले औपचारिक असहमति जनाएका छन् भने मलेसियाले आफ्नो भूभाग समेटेर नक्सा जारी गरेको भन्दै कडा आपत्ति जनाएको छ । प्रधानमन्त्री दाहालले अमेरिका हुँदै चीन पुग्ने कार्यक्रम रहेको छ । यस अवसरमा दाहालले नक्सा विवादबारे औपचारिक कुरा राख्नुपर्ने सीमाविद्हरू बताउँछन् ।

# बौद्धमा मनाइयो रोपाइँजात्रा

**काठमाडौं (प्रस)–** वर्षभर बौद्ध क्षेत्रबाट दिवंगत भएकाको मोक्ष एवं शान्ति प्राप्तिको कामना गर्दै बौद्ध चैत्यमा रोपाइँजात्रा मनाइएको छ ।

प्रत्येक वर्ष भाद्र कृष्ण द्वितीयाका दिन विश्व सम्पदा सूचीमा सूचीकृत बौद्ध क्षेत्रमा मनाइने ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्त्वको रोपाइँ जात्रा आज मनाइएको हो । बौद्धनाथ क्षेत्र विकास समितिको संयोजनमा बौद्धमा रहेका संघ संस्थाले सक्रियरूपमा मनाउने सांस्कृतिक महत्त्वको रोपाइँजात्रा गाईजात्राको भोलिपल्ट पर्छ । बौद्ध चैत्य परिसरमा एक वर्षअघिदेखि दिवंगत भएका परिवारका सदस्यलगायत जात्रा हेर्न आउने र विदेशी पर्यटकसमेतको उपस्थितिमा जात्रा मनाइएको हो ।

मृतकका परिवारका सदस्य, स्थानीयवासी, हलो, बाउसे र रोपाहारका बीच रोपाइँ जात्रा गरिएको हो । जात्राको विधिअनुसार बौद्ध चैत्य एक पटक घुमाएर जात्रा सम्पन्न गरिएको छ । सांस्कृतिक झाँकीसहित बौद्ध-चुच्चेपाटी-चावहिल-महांकाल-तीनचुले-जोरपाटी हुँदै पुनः बौद्धमै आएर जात्रा सकिएको हो ।

प्रत्येक वर्ष गाईजात्राको भोलिपल्ट रोपाइँजात्रा गरेपछि यस क्षेत्रबाट वर्षभर निधन भएकाले मोक्ष एवं शान्ति पाउँछन् भन्ने धार्मिक विश्वास छ । यसै विश्वासका आधारमा जात्राले निरन्तरता पाएको काठमाडौं महानगरपालिका-६ का अध्यक्ष भुवन लामाले जानकारी दिए ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

भदौ १६ गते २०८०, शनिबार

| | |
|---|---|
| मेष | आयस्रोत राम्रो हुने आवश्यक साधन जुट्ने छ । |
| वृष | अवसर प्रप्त भएपनि विवादास्पद जिम्मेवारी बहन । |
| मिथुन | व्यवसयामा लाग्नेहरूलाई विषेश पाइदा हुनेछ । |
| कर्कट | अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने । |
| सिंह | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| कन्या | स्वास्थ्यमा गडबडी दैनिक कामकाजमा असर पर्नसक्छ |
| तुला | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| वृश्चिक | स्वास्थ्यमा गडबडी दैनिक कामकाजमा असर पर्नसक्छ |
| धनु | स्वास्थ्यमा गडबडी दैनिक कामकाजमा असर पर्नसक्छ |
| मकर | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| कुम्भ | काम बन्नुका साथै दिन लाभदायक हुनेछ । |
| मीन | खर्च लागेपनि दिगो काम गर्न सिकनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

भदौ १६ गते, २०८०, २ सेक्टेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०८ | १३१.६० |
| युरो | १ को | १४३.७९ | १४४.४४ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.२० | १६७.९६ |
| स्विस फ्रैन्क | १ को | १५०.१६ | १५०.८४ |
| अस्ट्रेलियन डलर | १ को | ८५.४४ | ८५.८३ |
| क्यानाडियन डलर | १ को | ९७.४० | ९७.८४ |
| सिंगापुर डलर | १ को | ९७.६० | ९८.०५ |
| जापानी येन | १० को | ९.०२ | ९.०६ |
| चिनियाँ युआन | १ को | १८.१२ | १८.२० |
| साउदी अरब रियाल | १ को | ३५.२१ | ३५.३७ |
| कतारी रियाल | १ को | ३६.२४ | ३६.४० |
| थाई भाट | १ को | ३.७६ | ३.७८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिङेट | १ को | २८.४७ | २८.५९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९८ | १०.०२ |
| स्विडिस क्रोनर | १ को | १२.१४ | १२.२० |
| डेनिस क्रोनर | १ को | १९.२९ | १९.३८ |
| हङकङ डलर | १ को | १६.८३ | १६.९१ |
| कुवेती दिनार | १ को | ४२८.६४ | ४३०.५८ |
| बहराइन दिनार | १ को | ३५०.३४ | ३५१.९४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# स्याउखेतीमा भविष्य खोज्दै बागलुङका किसान

■ डम्मर बुढामगर

**ढोरपाटन–** एक दशकअघिसम्म बागलुङको ढोरपाटन उपत्यका र निसेलढोरमा मात्रै व्यावसायिकरूपमा स्याउखेती गरिन्थ्यो । परम्परागतरूपमा रैथाने स्याउ उत्पादन गर्दै आएका किसानले अहिले आधुनिक प्रविधिबाट नयाँ-नयाँ प्रजातिका स्याउ लगाउन थालेका छन् । अहिले ढोरपाटन क्षेत्रमा मात्रै होइन, तल्लो क्षेत्रमा पनि स्याउखेतीप्रति कृषकको आकर्षण बढेको छ । खासगरी निसेल ढोरको कुँडे, काँग, ढोरपाटनको मस, नवी, भूजीलगायतका ठाउँमा स्याउ उत्पादन गरिँदै आएकामा अहिले निसीखोला, ताराखोला र बडिगाडको माथिल्लो क्षेत्रमा स्याउखेती गर्न थालिएको छ ।

पछिल्लो पाँच वर्षयता जिल्लाको तल्लो भेगमा स्याउ लगाउने कृषकको संख्या पनि बढ्दै गएको छ । करिब २२ सय मिटरको उचाइदेखि स्याउ उत्पादन हुने हुँदा कृषकको आकर्षण बढेको पाइन्छ । जिल्लामा सबैभन्दा राम्रो स्याउ उत्पादन हुने क्षेत्रका रूपमा निसेलढोर र ढोरपाटन उपत्यका क्षेत्रलाई लिन्छ । यी क्षेत्रमा दुई दशकभन्दा अगाडिदेखि व्यावसायिक स्याउ उत्पादन हुँदै आएको पाइन्छ । पछिल्लो समय ताराखोला गाउँपालिका र निसीखोला गाउँपालिकाको उच्च क्षेत्रमा स्याउखेती विस्तार गरिएको छ । ताराखोला गाउँपालिका-५ ठूलो हिलेमा १८० वटा स्याउका बिरुवा लगाइएको छ । बिरुवा लगाएको दुई वर्षमै फल्ने हुँदा कृषक यस खेतीतर्फ आकर्षित भएका हुन् ।

गाउँपालिकाको ५ नम्बर वडामा उन्नत प्रजातिको गोल्डेन, गाला, रोटा र फुजी प्रजातिको स्याउ लगाइएको गाउँपालिकाका सायक पशु चिकित्सक प्रमुख चिन्तामणि शर्माले जानकारी दिए । यस वर्ष पनि गाउँपालिकाले ८०० स्याउका बिरुवा खरिद गरी किसानलाई वितरण गरेको बताए । अघिल्लो वर्ष ताराखोला गाउँपालिकाले कृषि विकास निर्देशनालय गण्डकी प्रदेशबाट उन्नत जातका स्याउका बिरुवा लिएर कृषकलाई दिएको भन्दै ती बिरुवा सप्रिदै गएको उनको भनाइ छ ।

उन्नत जातका स्याउका बिरुवालाई सरसफाइ गर्न, बगैंचामा विषादी व्यावस्थापन र कलमी गर्न सजिलो हुने भएकाले किसानले खेती गर्न चासो देखाएको शर्मा बताउँछन् । अघिल्ला वर्षहरूमा १४ रोपनी क्षेत्रमा स्याउखेती भएको भन्दै यस वर्षदेखि एक रोपनीमै चारदेखि पाँच हजार बिरुवा लगाउन मिल्ने खालको स्याउका बिरुवा विस्तार गर्ने योजना रहेको उनी बताउँछन् ।

निसीखोला गाउँपालिका-५ मा पनि गाउँपालिकाले स्याउखेती विस्तार गरेको छ । सिप, भल्कोट लगायका क्षेत्रमा स्थानीयले वर्षौं अगाडि स्याउ लगाए पनि उत्पादन गर्न सकेका थिएनन् । प्राविधिक ज्ञानविना लगाइएका स्याउका बोटले फल नदिएपछि चिन्तित बनेका यहाँका कृषक गाउँपालिकाले माटो परीक्षण गरी नयाँ जातको स्याउका बिरुवा दिएपछि उत्साहित भएका छन् । भौगोलिक वनावट, हावापानी र स्थानीयवासीको मागअनुसार निसीखोलाको माथिल्लो क्षेत्रमा स्याउखेती विस्तार गर्न थालेको निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले बताए ।

यस वर्ष वडा नम्बर ५ र ६ मा ४५० स्याउका बिरुवा लगाएको अध्यक्ष घर्ती मगर बताउँछन् । गाउँपालिकाले गत आर्थिक वर्षमा विनियोजन गरेको सात लाख रूपैयाँबाट स्याउखेती विस्तार गर्न थालेको उनको भनाइ छ । निसेलढोरबाहेक जाउलेपानी, मापुक, चोरबास र कोस्काँ क्षेत्रमा स्याउ लगाइएको छ । 'बागलुङ जिल्लामा स्याउ फल्ने ठाउँका रूपमा निसेलढोर र उत्तरगंगा ढोरपाटनलाई चिनिँदै आएको छ, हामीले अहिले तल्लो क्षेत्रमा पनि स्याउ उत्पादन गर्ने गरि किसानलाई बिरुवा दिएका छौं, यहाँका किसानले स्याउ लगाएको स्थान उच्च पहाडी क्षेत्र पर्छ,' कृषि प्राविधिकहरूको टोलीले माटो परीक्षण गरेर उन्नत जातका स्याउका बिरुवा लिएर लगाइएको छ, यी बिरुवाले एक/दुई वर्षमै उत्पादन दिन्छन् भन्ने छ, यसले कृषिकलाई उत्पादन गर्नेतर्फ आकर्षित गर्ने र आयआर्जनसँग जोड्ने छ ।'

निसीखोला गाउँपालिकामा दर्ता भएका कृषि फर्म तथा समूहलाई स्याउका बिरुवा प्रदान गरेको उनले बताए । वडा नं ५ र ६ का ४५ समूहलाई ४५० स्याउका बिरुवा दिएको उनी बताउँछन् । पाल्पामा उत्पादन गरिँदै आएको स्याउको बिरुवा खरिद गरी यहाँका कृषकलाई वितरण गरेको हो । निसीखोलामा दुई हजारदेखि चार हजार मिटर उचाइसम्म स्याउका बिरुवा लगाइने उनको भनाइ छ । निसेलढोर चार हजार मिटरभन्दा बढीको उचाइमा छ भने, सिप, चोरबास, कोस्काँ लगायतका क्षेत्र भने २८ सय मिटर आसपासको उचाइमा पर्छन् ।

> 'हामी सानो-सानो हुँदा ढोरपाटन पुगेर स्याउ खाने गरिन्थ्यो, पहिले त बजारमा विदेशी स्याउ पनि आउँदैनथे, अहिले त बजारमा विदेशी स्याउ छ्याप्छ्याप्ती पाइन्छन्, हामीले पनि गाउँमा स्याउ लगायौं, हाम्रो गाउँ स्याउ फल्ला भन्ने कल्पना पनि थिएनौं'



निसीखोला गाउँपालिका-२ अर्नाकोटमा पनि अघिल्लो वर्षदेखि व्यावसायिक स्याउखेती सुरु भएको छ । स्थानीय दुर्गाबहादुर ओलीले अघिल्लो वर्ष पोखराबाट इटालियन गाला फुजी जातको २२ वटा स्याउका बिरुवा लिएर लगाएको बिरुवाले अहिले फल दिएको छ । परीक्षणका रूपमा लगाएको स्याउले एकै वर्षमा फल दिन थालेपछि उन उत्साहित भएका छन् । ओलीले यस वर्ष थप २७ वटा बिरुवा लगाएका छन् । सुरुमा लगाएका २२ बिरुवामध्ये दुईवटा मरेको भन्दै अहिले २० वटा बोटमा स्याउ फलेको उनी बताउँछन् । स्याउले सानै बोटमा फल दिन थालेपछि गाउँका अन्य कृषक पनि हर्षित भएका छन् ।

ओलीले स्याउका बिरुवा लगाएपछि अर्नाकोटका अन्य १२ जना कृषकले पनि बिरुवा लिएर लगाएको बताए । वर्षौंदेखि गाईभैंसी र खेती किसानी गर्दै आएका किसान अहिले स्याउखेती गर्नेतर्फ ध्यान दिएको उनको भनाइ छ । हाल उनको बगानमा २७ नयाँ बिरुवा र पोहोर साल लगाएका २० गरी ४७ स्याउका बोट रहेको उनले बताए । दुई हजारदेखि तीन हजार मिटरसम्मको उचाइमा गाला फुजी जातको स्याउ राम्रो उत्पादन जानकारी पाएपछि ओलीले परीक्षणका लागि स्याउ लगाएको बताउँछन् । परीक्षणका लागि लगाएको स्याउले एकै वर्षमा फल दिएपछि थप उत्साहित भएको उनको भनाइ छ ।

उनले भने, 'अर्नाकोट क्षेत्रमा स्याउ लगाउने चाहना पहिलेदेखि नै थियो तर विभिन्न कारणले गर्दा लगाउन पाएको थिएन, पोहोर साल ल्याएर लगाएको अहिले फलेको छ, यहाँ यति राम्रो स्याउ होला भन्ने मैले सोचेको थिएन ।' यस ठाउँमा पानीको समस्या भएकाले सिँचाइको कारण बिरुवा बचाउन सकिन्न कि भन्ने उनलाई निकै डर थियो तर यसमा धेरै सिँचाइ गर्नुपर्ने नपर्ने हुँदा उनमा चिन्ता रहेन । अब उनलाई व्यावसायिकरूपमा धेरै स्याउ उत्पादन गर्ने उत्साह बढेको छ ।

स्थानीय चेतबहादुर कुँवरले पनि दुई वर्ष अगाडि २७ वटा बिरुवा लगाएका थिए । अहिले सबैका बिरुवामा स्याउ फलेका छन् । कुँवरले लगाएकै सालमा फूल फूल्ने र अर्को सालदेखि फल दिने भनिए पनि सुरुकै वर्षमा फल दिन थालेको बताए । स्याउखेती व्यवस्थित गर्नका लागि गाउँलेलाई नै यसतर्फ आकर्षित गर्न थालेको उनको भनाइ छ । आफूले स्याउ लगाएको क्षेत्र अलि बढी सुख्खा भएको हुँदा स्याउका पोथीभन्दा भाले जातका बिरुवा जोगाउन समस्या भएको भन्दै अहिले समाधान हुँदै गएको उनी बताउँछन् ।

गाउँमा पछिल्लो समय सयौं रोपनी जग्गा खाली हुँदै गएको र यी जग्गालाई सदुपयो गरी स्याउखेती गर्ने योजना रहेको उनको भनाइ छ । एउटा व्यक्तिले मात्रै बाँझो जमिन सदुपयोग गर्न नसक्ने हुँदा यसका लागि गाउँले नै सक्रिय हुनुपर्ने कुँवर बताउँछन् । गाउँमा अघिल्लो वर्षसम्म कसैले पनि स्याउ लगाउने सोच नबनाएको सुनाउँदै अहिले धेरैले बिरुवा खोज्न थालेको उनले बताए । यस वर्ष गाउँमा स्याउका बिरुवा लगाउनेको संख्या बढेको उन बताउँछन् ।

'हामी सानो-सानो हुँदा ढोरपाटन पुगेर स्याउ खाने गरिन्थ्यो, पहिले त अहिलेको जस्तो बजारमा विदेशी स्याउ पनि आउँदैनथे, अहिले त जता पनि छ्याप्छ्याप्ती पाइन्छन्, हामीले पनि गाउँमा स्याउ लगायौं, हाम्रो गाउँ स्याउ फल्ला भन्ने कल्पना पनि थिएन, अहिले चकित पार्ने गरी सानै बोटमा फल्यो, स्याउ फलेपछि गाउँका धेरैलाई आश्चर्य बनाएको छ,' उनले भने, 'यो ठाउँ खानेपानीको अभाव भएको ठाउँ हो, वर्षौंदेखि खानेपानी अभावमा गुज्रिएका हामीहरूलाई स्याउ उत्पादन हुने लक्षण देखिएपछि नयाँ आश पलाएको छ, यहाँको मुख्य समस्या पानी हो, उत्पादनका हिसाबले यहाँ स्याउलगायत धेरै फलफूल तथा तरकारी फलाउन सकिन्छ ।'

कृषि ज्ञान केन्द्र बागलुङका सूचना अधिकारी कुमार पुन मगरले जिल्लामा स्याउखेती विस्तारका लागि ज्ञान केन्द्रबाट कृषकलाई प्रोत्साहन गरेको र उन्नत जातका स्याउका बिरुवासमेत वितरण गर्दै आएको बताए । स्याउखेतीप्रति किसानले चासो देखाएपछि ज्ञान केन्द्रले यस वर्ष २५ सयभन्दा बढी बिरुवा वितरण गरेको छ । उनका अनुसार हाल बागलुङमा ८० हेक्टर क्षेत्रफलमा स्याउखेती हुँदै आएको छ । यसमध्ये ५५ हेक्टरमा लगाइएका स्याउका बोटले उत्पादन दिएको उनी बताउँछन् । जिल्लाको माथिल्लो क्षेत्रमा स्याउखेतीका लागि हावापानी उपयुक्त भएकाले हरेक वर्ष जिल्लामा खेती गर्ने किसानको संख्या पनि बढ्दो छ । यस वर्ष अघिल्लो वर्षको तुलनामा स्याउ उत्पादन बढ्ने किसानहरूले आशा गरेका छन् । *रासस*

# जुम्लाका किसान स्याउ टिप्न व्यस्त

**जुम्ला (प्रस)–** जुम्लाका किसान यतिबेला बगैंचामा उत्पादन भएको स्याउ टिप्न व्यस्त हुने गरेका छन् । स्याउमा परिपक्वकता र गुलियोपन भरिएसँगै व्यापारी खरिद गर्न किसानको बगैंचासम्म पुग्ने गरेको तातोपानी गाउँपालिका-४ की स्याउ किसान सत्यदेवी पाण्डेले जानकारी दिइन् ।



'पाकेको स्याउ किन्न किसानको बगैंचामा पुगेर खरिद गरेका छौं,' स्थानीय स्याउ व्यापारी तुल तिरुवाले भने, 'स्याउको गुणस्तरीयता हेरेर मूल्य निर्धारण गरिएको छ ।' उनका अनुसार अहिले किसानको बगैंचाबाट प्रतिकेजी ५० रूपैयाँमा स्याउ खरिद गर्ने गरिएको छ । करिब ७० क्विन्टल स्याउ खरिद गरी सुर्खेत बिक्री गर्न लगिएको तिरुवाको भनाइ थियो ।

'स्थानीय र गोल्डेन जातका स्याउ लगाएको छु । घरमै प्रतिकेजी ५० रूपैयाँमा बिक्री सुरु गरेका छौं,' किसान गोरीकला रोकायाले भने, 'गाउँकै स्थानीय व्यापारीले सुर्खेत, नेपालगञ्ज लगेर बिक्री गर्ने गरेका छन् ।'

जिल्लाका किसानदेखि उद्यमी तथा समूहलाई ५० प्रतिशत अनुदानमा स्याउका बिरुवा दिने गरेको कृषि विकास कार्यालय जुम्लाले जनाएको छ । गोल्डेन जातको स्याउ असोजदेखि राम्रोसँग पाक्ने हुँदा अहिले दुवै जातका स्याउ मिलाएर व्यापारीले लिने गरेको यहाँका किसान बताउँछन् ।


## सच्याईएको

मिति २०८०/०५/०७ गते प्रकाशित यस **खयरकट्टी ताल सामुदायिक वन उपभोक्त समूह**को वेत बोलपत्रबाट लेलाम बिक्रीको मिति सूचनामा २०८०/०५/०७ बाटै २१ दिन हुनुपर्नेमा प्राविधिक त्रुटीले अन्यथा हुन गुगेकाले सच्याईएको छ ।



## माईग्रेसन हराएको सूचना

मितिः २०८०/०३/०६ गते त्रिचन्द्र, घण्टाघरदेखि दरबारमार्गसम्म जाने क्रममा मेरो निम्न व्होरा भएको **+2** को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : सचिन दराई**
**रजिस्ट्रेसन.नं.: ७६४९९५०६२**
**सिम्बोल.नं.: २४९१३०४४**
**ठेगाना.: नवलपरासी, मध्यविन्दु-१५**
**सम्पर्क: ९८४०८६८९९२**



## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०५/०२ गते निम्न विवरणको Plasma Blue रङको Pulsar 199.05cc को मोटरसाइकल जनकपुर भाटभटेनी अगाडि पार्किङ गरेको अवस्थामा हराईएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : बविता सिङ्गदन**
**बाइक नं. : एन.एस प्रदेश २-०२००५ प ३५१६**
**च्यासिस नं.:** MD2A36FX5MLG93958
**इन्जिन नं. :** JLXCMG86733
**मो. : ९८१४८७७७४३**


# परीक्षा नियन्त्रण कार्यालयमा तोडफोड

**महेन्द्रनगर, कञ्चनपुर (प्रस)–** कञ्चनपुरको महेन्द्रनगरस्थित सुदूरपश्चिम विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयमा एक विद्यार्थी संगठनले शुक्रबार दिउँसो तोडफोड गरेको छ ।

नेकपा समाजवादीनिकट अनेरास्ववियुका विद्यार्थी नेताले परीक्षा नियन्त्रण कार्यालयमा तोडफोड गरेका हुन् । कार्यालयका परीक्षा नियन्त्रक देवसिंह नाथले समाजवादीनिकट अनेरास्ववियुका नेताले कार्यालयमा तोडफोड गरेका बताए ।

'घटनाबारे हामीले प्रहरीलाई विस्तृतमा जानकारी गराइसकेका छौं,' उनले भने, 'उनीहरूले मेरो र सहायक परीक्षा नियन्त्रक वीरबहादुर सिंहको कार्यकक्षमा तोडफोड गरेका छन् ।' उनले १२/१५ जनाको समूहमा आएका विद्यार्थी समूहले कामकाज चलिरहेकै बेला तोडफोड गरेका बताए ।

विद्यार्थीको तोडफोडबाट परीक्षा नियन्त्रक नाथ र सिंहको कार्यकक्षमा रहेका टेबुल, सिसा, कुर्सीलगायत अन्य कार्यालय सामग्रीमा क्षति पुगेको छ ।

अनेरास्ववियु कञ्चनपुरका नेताले स्नातक तह छैटौं सेमेस्टर समाजशास्त्र विषयको प्रश्नपत्रमा त्रुटि भएको भन्दै परीक्षा नियन्त्रण कार्यालयबाट भएको त्रुटिलाई सच्याउनुपर्ने माग अघि सारेर गत साउन १८ गतेदेखि कार्यालयमा तालाबन्दी गरेको थियो । उक्त ताला पाँच दिनअघि प्रशासनले तोडेको थियो ।

आफूहरूसँग सल्लाह नै नगरी विद्यार्थीले लगाएर ताला खोलिएको विषयमा आफूहरूको असन्तुष्टि रहेको समाजवादीनिकट अनेरास्ववियुले जनाएको छ ।


## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Global Recruitment Group Pvt.ltd. (Basnet And Group Human Resource Pvt Ltd)** (ई.प.नं.१५३५/०७८/०७९) मा कार्यरत **Nani Maya Ghale/ Receptionist (Citizenship No. 1015/1145)** ले आफ्नो व्यक्तिगत काम विशेषका कारण मितिः २०८०/०३/१६ देखि राजीनामा दिनु भएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Global Recruitment Group Pvt.Ltd.**
**(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)**
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9801193079
Branch Office Pokhara: 9802853028, Branch Office Chitwan: 9857037097
Email : Doc@grgnepal.com.np



## कूवेतमा वैदेशिक रोजगारको अवसर

**१.कम्पनी** Seazen Hospitality Restaurant and Management & catering co

पूर्व स्वीकृती मिति : 2021/11/01 | चलानी संख्या : | लट नं. 249666 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव kd | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/Steward | 35 | 0 | 110 | 45251 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook | 29 | 0 | 135 | 56700 | | | | | | | |
| 3 | Barista | 03 | 0 | 125 | 52125 | | | | | | | |
| 4 | | | | | | | | | | | | |
| 5 | | | | | | | | | | | | |

**अर्न्तवार्ता हूने स्थान : सस्थाको कायालय काठमांडौमा मिति : २४ भाद्र २०८० (10-09-2023) मा हूने छ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VISION & VALUE OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. ८३३/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 984-6035174, 985-1044323, 981-8002688, 985-1055165, 981-0264566, 986-1605199, 984-1076393, 985-1315983
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ETHMAR AGRICULTURAL COMPANY

पुर्व स्वीकृति मिति २०८०/०५/१५ | LT. No. 291687 | चलानी नं. ६०२०७०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fruit and Vegetable Preservation Labour | 9 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २३ गते (9th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

# विश्वका क्रिकेट प्रेमीमाझ चिनिने अवसर





▸▸ धर्मेन्द्र झा

एसिया कपअन्तर्गतको पहिलो खेलमै स्टम्पमाथिको दुईवटा जोडदार प्रहार (रन आउट) नेपालले देखाएको उत्कृष्ट प्रदर्शन नै एक सशक्त नमूना थियो । तर दुःखद्, उत्कृष्टताको यो क्रम खेलको पूरै अवधिभरि रहन सकेन ।

एसोसिएट राष्ट्रको हैसियतबाट पहिलोपटक खुड्किला उक्लिएको नेपालले एकैपटक भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश र अफगानिस्तानजस्ता टेस्ट क्रिकेटमा राम्रो अनुभव सँगालिसकेका देशसँग खेल्न पाउनु अत्यन्तै महत्त्वपूर्ण उपलब्धि हो । यस आधारमा नेपालको पाकिस्तानसँगको पराजय धेरै बढी अनपेक्षित र अस्वाभाविक होइन ।

क्रिकेटमा नेपालका तीनवटा सपना छन् । एउटा एसिया कप क्रिकेट, दोस्रो विश्वकप क्रिकेट प्रतियोगिता तथा तेस्रो टेस्ट राष्ट्रका रूपमा मान्यता प्राप्त गर्नु । बुधबार पाकिस्तानसित खेलेर नेपालले एसिया कप खेल्ने सपना पूरा गरेको छ । अब बाँकी दुई सपना पूरा गर्नबाट पनि नेपाल टाढा छैन । निकट भविष्यमै नेपाल ती दुवै लक्ष्य पूरा गर्ने बाटोमा अग्रसर भएर लागेको छ ।

कुल स्कोर २५ रन छँदा दुवै ओपनर आउट भएपछि बुधबार मुल्तान रंगशालीमा पाकिस्तानी क्रिकेट टोलीका समर्थकबीच सन्नाटा छायो । यसअघि यही मैदानमा १० मध्ये सात खेलमा घरेलु टोलीको विजय देखिसकेका स्थानीय दर्शक पाकिस्तानको फितलो प्रदर्शन कदापि हेर्न चाहँदैनथे । अझ त्यसमा पनि क्रिकेटमा भर्खर उदाउँदै गरेको नेपालसित । तर, नेपाली टोली पाकिस्तानी दर्शकले सोचेजस्तो कमजोर पनि थिएन । पाकिस्तानविरुद्धको उद्घाटन खेलमा नेपालले सुरुआतमै दुई विकेट हात पारेपछि त्यही रंगशालामा रहेका नेपाली समर्थक भने निकै उत्साहित देखिन्थे ।

नेपाली क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेलले मंगलबार भनेका थिए, 'हामी पाकिस्तानभन्दा अनुभवबाहेक कुनै अर्थमा कम छैनौं । भयो पनि त्यस्तै, पाकिस्तानको मुल्तानमा बुधबारदेखि सुरु भएको एसिया कपअन्तर्गत उद्घाटन खेल नेपालले पाकिस्तानसँग अनुभवकै कारण गुमाउन बाध्य हुनुपर्‍यो । आफ्नो पक्षमा खेलको परिणाम आउन नसके पनि नेपाली खेलाडीको प्रदर्शनबाट भने विश्वका सम्पूर्ण क्रिकेट प्रेमीको ध्यान नेपालतर्फ तानिएको छ । सायद नेपालको विजय यही नै हो ।

साहित्यकार, कलाकार तथा क्रिकेट प्रशंसक रमेश रञ्जनको प्रतिक्रिया छ, 'बुधबार पाकिस्तानसितको खेल प्रदर्शनपछि नेपाली खेलाडी विश्वमा फरक ढंगले चिनिने अवसरको निर्माण भएको छ,' उनको भनाइ छ, 'खेलमा जित र हार सामान्य प्रक्रिया हो । मूल कुरा हो समर्पण र कौशल, त्यो भने नेपालले सम्पूर्ण विश्वलाई देखाउन सफल भएको छ ।'

टस जितेर पहिला ब्याटिङ रोजेको पाकिस्तानको सुरुआत राम्रो थिएन । प्रारम्भमै चार विकेट गुमाउन पुगेको पाकिस्तानले सायद नेपालबाट यो अपेक्षा गरेको थिएन । त्यसो त खेल सुरु हुनुभन्दा पहिले, विश्वको पहिलो वरीयतामा रहेको क्रिकेट टोलीका कप्तान बाबर आजम जो स्वयं पनि खेलाडीको विश्व वरीयतामा पहिलो स्थानमा छन्, उनले नेपाललाई कम आँक्न नहुने प्रारम्भिक प्रतिक्रिया दिएका थिए । तर, स्कोर बोर्डमा ३० ओभरमा १३० रन र चार विकेटको क्षति देखिएला भन्ने पाकिस्तानी कप्तान आजमको अनुमान सायदै पनि थिएन ।

आफ्नो पहिलो वरीयता कायमै राख्नुपर्ने कप्तानको दायित्वबोधले हुनसक्छ आजमलाई उत्प्रेरित गर्‍यो । उनले झर्दै गएको पाकिस्तानी विकेटको क्रमलाई रोके र अन्ततः पाकिस्तानलाई निकै फराकिलो विजय दिलाए । पूरै ५० ओभर खेलेर छ विकेटको क्षतिमा विजयका लागि ३४३ रनको लक्ष्य प्रस्तुत गरेको पाकिस्तानका बलरको धारिलो प्रहारका कारण नै नेपालले निर्धारित सम्पूर्ण ओभरसम्म आफूलाई टिकाउन सकेन । र, नेपाल २३ ओभर चार बलमा कूल १०४ रनमा सीमित रहन पुग्यो ।

क्रिकेटका पूर्वराष्ट्रिय खेलाडी अनिलनाथ ढुंगाना भन्छन्, 'नेपाली खेलाडीले प्राप्त अनेकौं अवसरको लाभ लिन सकेनन् । केही क्याच छुटे भने केही खराब फिल्डिङका कारण स्कोर बोर्डमा पाकिस्तानको पक्षमा रनको संख्या थपिँदै गयो,' ढुंगानाको भनाइ छ, 'प्रारम्भमा नेपालले महत्त्वपूर्ण सुरुआत गरेर आशा जगाए पनि पछिल्ला ओभरमा संयम गुमाएकोजस्तो देखियो । तर, यस खेलबाट नेपालले धेरै कुरा सिकेको हुनुपर्छ । अनुभव सँगालेको हुनुपर्छ । अब आगामी खेलमा यही अनुभव र सिकाइलाई प्रयोग गर्न सक्नुपर्छ ।'

नेपालका लागि पहिलो विकेट करण केसीले लिँदा उनी सामाजिक सञ्जालमा छाएका थिए । उनले छैटौं ओभरको तेस्रो बलमा फखर जमानको विकेट लिए । त्यतिबेला पाकिस्तानको कूल स्कोर मात्र २१ रन थियो । पाकिस्तानले लगत्तै इमाम उल हकका रूपमा दोस्रो विकेट गुमायो । सातौं ओभरमा सोमपाल कामीले बलिङ गरिरहेका बेला उनलाई कप्तान पौडेलले रन आउट गरे । पाकिस्तानले २३.३ ओभरमा मोहमद रिजवानलाई तेस्रो विकेटको रूपमा गुमायो । उनलाई सन्दीप लामिछानेको बलमा दीपेन्द्रसिंह ऐरीले रन आउट गराएका थिए ।

एसिया कपअन्तर्गतको पहिलो खेलमै स्टम्पमाथिको दुईवटा जोडदार प्रहार (रन आउट) नेपालले देखाएको उत्कृष्ट प्रदर्शन नै एक सशक्त नमूना थियो । तर दुःखद्, उत्कृष्टताको यो क्रम खेलको पूरै अवधिभरि रहन सकेन । जुन कुशलताका आधारमा स्टम्पमा प्रहार गरेर नेपालले दुईवटा विकेटको सफलता पाएको थियो, पछिल्ला ओभरमा नेपाली खेलाडीबाट फिल्डिङका सन्दर्भमा त्यस्तो कुशल प्रदर्शन भइरहन सकेन ।

पाकिस्तानले २८औं ओभरको पाँचौं बलमा आगा सलमानका रूपमा चौथो विकेट गुमायो । उनलाई सन्दीप लामिछानेले कुशल भुर्तेलद्वारा क्याच आउट गराएका थिए । पाकिस्तानविरुद्ध नेपालले जित पनि निकाल्न सक्छ कि भन्ने सम्भावनातर्फ नेपाली क्रिकेटका प्रशंसक सोच्न थालिसकेका थिए । तर, नेपाली क्रिकेटप्रेमीको सपना पाकिस्तानी कप्तान बाबर र इफ्तिखार अहमदले चकनाचुर पारिदिए । दुवै खेलाडीले नेपालविरुद्ध शतक प्रहार गरे । बाबरले आफ्नो उत्कृष्ट खेल प्रदर्शन जारी राखे । १०३ एकदिवसीय खेल खेलेका २८ वर्षीय कप्तान बाबरले बुधबार १३१ बल खेल्ने क्रममा चार छक्का र १४ चौकाको मद्दतमा १५१ रन बनाए । नेपालविरुद्धको शतकसँगै बाबरले हालसम्म पाँच हजार २०० भन्दा बढी रन बनाइसकेका छन् । यस अवधिमा उनले पाकिस्तानका लागि २८ अर्धशतकसमेत प्रहार गरिसकेका छन् ।

अनुभवको कमी देखिएको नेपाली टोलीको कमजोर फिल्डिङका कारण बाबरले दुईवटा जीननदान पाए । बाबरले पाकिस्तानलाई त विजयी बनाए नै आफ्नो व्यक्तिगत कीर्तिमानी तथ्यांकमा पनि सुधार गरे । १९औं शतक, तेस्रो सबैभन्दा ठूलो रन र पाँचौं विकेटका लागि इफ्तिखारसँगको ठूलो साझेदारी । बाबर र इफ्तिखारले पाँचौं विकेटका लागि २१४ रनको साझेदारी निभाएका थिए । यही नै पाकिस्तानका लागि जितको बलियो आधार बन्यो । अर्कोतर्फ इफ्तिखारको पक्षमा पनि कीर्तिमान बन्यो- खेल जीवनकै पहिलो शतक । यस्तै पाकिस्तानका लागि मोहमद रिजवानले ४४ र फखर जमानले १४ रन बनाए ।

२८ ओभरसम्म संयमित भएर खेलेको नेपाल त्यसपछि भने खराब प्रदर्शन गर्न पुग्यो । नेपालले कमजोर बलिङ र फिल्डिङ गरेकै कारण पाकिस्तानले विशाल स्कोर बनाउन सकेको हो । बाबर वा इफ्तिखारमध्ये कुनै एकको पनि विकेट समयमै लिन सकेको भए नेपालले धेरै ठूलो रनको चुनौती पछ्याउनुपर्ने थिएन । बलिङ र फिल्डिङ मात्र होइन नेपालले ब्याटिङतर्फ पनि आफ्नो विगतको खेल प्रदर्शनलाई कायम गर्न सकेन ।

नेपालले पहिलो ओभरमै दुई विकेट गुमाउन पुग्यो । पाकिस्तानका लागि दुवै विकेट शाहीन शाह अफ्रिदीले लिए । उनले कुशल भुर्तेल र कप्तान पौडेलको विकेट लिए । भुर्तेलले चार बल खेल्दै दुई चौका हिर्काउँदै आठ रन बनाए । यस्तै पौडेल विनारन बनाइकन आउट भए । यस्तै नेपालले तेस्रो विकेटका रूपमा दोस्रो ओभरको चौथो बलमा आशिफ शेखलाई गुमायो । उनलाई नशिम शाहले आउट गरे ।

क्रिकेट समीक्षकहरूका अनुसार नेपालले गल्तीबाट सिक्ने चेष्टा गरेन । फिल्डिङ त प्रभावकारी रहेन नै, बलिङ पनि परिणाममुखी हुन सकेन । त्यस्तै ब्याटिङक्रम पनि चल्न सकेको देखिएन । सोमपाल कामी (२८), आरिफ शेष (२६) र गुलसन झा (१३) बाहेक कसैले पनि दोहोरो अंकमा स्कोर बोर्डमा योगदान पुर्‍याउन सकेनन् ।

एसोसिएट राष्ट्रको हैसियतबाट पहिलोपटक खुड्किला उक्लिएको नेपालले एकैपटक भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश र अफगानिस्तानजस्ता टेस्ट क्रिकेटमा राम्रो अनुभव सँगालिसकेका देशसँग खेल्न पाउनु अत्यन्तै महत्त्वपूर्ण उपलब्धि हो । यस आधारमा नेपालको पाकिस्तानसँगको पराजय धेरै बढी अनपेक्षित र अस्वाभाविक होइन । तर यति धेरै अन्तरले पराजय बेहोर्नुपर्ने स्थिति पनि होइन । क्रिकेट समीक्षक विश्वमणि दाहाल भन्छन्, 'नेपाल सायद मनोवैज्ञानिक रूपमा पो कमजोर भयो कि ? सीप र क्षमताका आधारमा नेपाललाई कमजोर टोली मान्न सकिन्न ।'



नेपाली खोलाडीमा उत्साह त थियो तर त्यस उत्साहका भरमा आफ्नो पक्षमा परिणाम रूपान्तरण गर्न आवश्यक पर्ने अनुभवको कमी थियो । र, यही अनुभवजन्य सीपमा नेपालपछि पर्दा पाकिस्तान विजयी भएको क्रिकेटका विश्लेषक बताउँछन् ।

नेपालले सन् २००२ मा भएको आइसिसी यु-१९ वर्ल्डकपमा पाकिस्तानलाई पराजित गरेको थियो । नेपालले उक्त खेलमा पाकिस्तानलाई ३० रनले हराएको थियो । नेपालले त्यो बेला पाकिस्तानलाई हराएर विश्वमै सनसनी मच्चाएको थियो । त्यो खेललाई नेपाल र पाकिस्तानका खेलाडी सम्झिरहेका थिए । त्यसलै मंगलबार सञ्चारमाध्यममा प्रतिक्रिया दिँदै पाकिस्तानका कप्तान बाबरले नेपालसितको खेललाई सहजरूपमा नलिने बताएका थिए ।

नेपालको विगतको प्रदर्शन सम्झिँदै कप्तान पौडेलले पनि पाकिस्तानविरुद्ध उत्कृष्ट खेल प्रदर्शन गर्ने बताएका थिए । तर खेल हो, जहाँ सधैं जितै जितमात्र पनि हुँदैन । सधैं पराजयमात्र पनि भोगिँदैन । अब नेपाल पाकिस्तानसितको खराब प्रदर्शनलाई बिर्सिंदै भारतसितको खेलमा फेरि लयमा फर्किने योजनाका साथ मैदानमा उत्रिन चाहन्छ । र, पक्कै पनि नेपाली टोली आफ्ना प्रशंसकलाई निराश बनाउन चाहँदैन ।

क्रिकेटमा नेपालका तीनवटा सपना छन् । एउटा एसिया कप क्रिकेट, दोस्रो विश्वकप क्रिकेट प्रतियोगिता तथा तेस्रो टेस्ट राष्ट्रका रूपमा मान्यता प्राप्त गर्नु । बुधबार पाकिस्तानसित खेलेर नेपालले एसिया कप खेल्ने सपना पूरा गरेको छ । अब बाँकी दुई सपना पूरा गर्नबाट पनि नेपाल टाढा छैन । निकट भविष्यमै नेपाल ती दुवै लक्ष्य पूरा गर्ने बाटोमा अग्रसर भएर लागेको छ । भनिन्छ, लक्ष्य पछ्याउँदै गए एक न एक दिन पक्कै पूरा हुन्छ । *रासस*





**रोपाइँ जात्रा** | ताप्लेजुङको सदरमुकाम फुङलिङमा परम्परागत रूपमा मनाउँदै आइरहेको रोपाइँ जात्रामा शुक्रबार मौलिक पहिरनमा सजिएर सहभागी हुँदै युवायुवती ।

*तस्बिर: दिलकुमार लिम्बू/रासस*

# इतिहास बन्दै भोजपुरका पुराना पुस्तकालय

■ निरोज कोइराला

**टक्सार (भोजपुर)–** वि.सं. २०६५ देखि भदौ १५ गतेलाई राष्ट्रिय पुस्तकालय दिवस सरकारी तवरबाट नै मनाउन सुरु गरिए पनि दिवस मनाउने परम्परामात्र बनेको छ । पुराना ऐतिहासिक पुस्तकालयसमेत संरक्षण र सम्वर्द्धनको अभावमा इतिहासमात्र बन्दै गएका छन् ।

तत्कालीन मेजर जरनल मृगेन्द्र शम्शेर जंगबहादुर राणाबाट २००५ सालमा अनुमति प्राप्त भएको भोजपुर सदरमुकाममा रहेको ऐतिहासिक श्रीराम अमर सहिद पुस्तकालयको हालत पनि अहिले त्यस्तै छ । पुस्तकालयभित्र पुस्तक छन्, तर भूकम्पले घरमा क्षति पुऱ्याएको भन्दै २०७२ सालबाट पूर्णरूपमा बन्द गरिएको छ ।

पुस्तकालयमार्फत विगतमा विभिन्न सामाजिक कार्य गर्दै आइरहेको सम्झँदै स्थानीय तथा भोजपुरका पूर्वजिल्ला शिक्षा अधिकारी सीताराम श्रेष्ठले भने, 'अहिलेका पुस्ताले साहित्य तथा पुराना पुस्तक पढ्न छाडेका छन्, उनीहरूमा अध्ययनभन्दा पनि मोबाइल, टिभी, इन्टर नेटको पहुँच बढ्दै गयो ।' देउसीभैलो, साहित्यिक कार्यक्रम, नाटकसमेत देखाउँदै स्थापना भएको पुस्तकालय सञ्चालन गर्ने र भवन निर्माणका विषयमा कमैमात्र चासो देखिने गरेको छ ।

> तत्कालीन राणा शासनकालमा स्थानीय जागरुक युवा नारदमणि थुलुङ, विचारी चन्द्रप्रसाद, इन्द्रप्रसाद श्रेष्ठ, जगदिश सापकोटालगायतका युवाद्वारा पुस्तक संकलन गरी भगवान् रामको नामबाट पुस्तकालय सञ्चालन भएको इतिहास पाइन्छ ।

तत्कालीन राणा शासनकालमा स्थानीय जागरुक युवा नारदमणि थुलुङ, विचारी चन्द्रप्रसाद, इन्द्रप्रसाद श्रेष्ठ, जगदिश सापकोटालगायतका युवाद्वारा पुस्तक संकलन गरी भगवान् रामको नामबाट पुस्तकालय सञ्चालन भएको इतिहास पाइन्छ । राणा विरोधी आन्दोलनमा ज्यान गुमाएका वीर अमर सहिदको सम्झनामा २०१० सालमा भोजपुर सदरमुकाममा नै श्री अमर सहिद पुस्तकालय नामको अर्को पुस्तकालयसमेत स्थापना भएको थियो । यो पुस्तकालयलाई पछि आएका वडा हाकिमले २०१२ साल माघ २२ गते धार्मिक तरिकाबाट पुस्तकालय सञ्चालन गर्न अनुमति दिएको पुस्तकालयका ज्ञाता स्थानीय शेरबहादुर मोक्तानले जानकारी दिए ।

पुस्तकको अभाव, आर्थिक समस्या, स्थान अभावजस्ता कारणले गर्दा दुवै पुस्तकालयलाई अगाडि बढाउन र सञ्चालन गर्न नसकिएपछि २०२३ साल माघ १६ गते श्रीराम पुस्तकालय तथा श्री अमर सहिद पुस्तकालयलाई संयुक्त गरी श्रीराम अमर सहिद पुस्तकालय भोजपुरको नामबाट सञ्चालनमा ल्याइएको पुस्तकालयका संरक्षकसमेत रहेका मोक्तानले बताए ।

हाल यो पुस्तकालय सात आना दुई पैसा जग्गामा बनेको तीन तले आफ्नै घरमा छ । तत्कालीन पुस्तकालयका संस्थापक सदस्य युवाले चाडपर्वमा देउसी, भैली, लाखेजात्रा प्रदर्शन तथा विभिन्न अवसरमा नाटक एकांकी प्रदर्शन मञ्चन गरेर बचत गरी तथा तत्कालीन जिल्ला पञ्चायतबाट आर्थिक सहयोग प्राप्त गरी कूल एक लाख १४ हजारको लागतमा २०४० साल भदौमा भोजपुर सदरमुकाममा आफ्नै घर निर्माण गरिएको थियो ।

राणा शासनकालमा सञ्चालनमा आएका ऐतिहासिक पुस्तकालयको संरक्षणमा सबैले ध्यान दिन जरुरी रहेको स्थानीय बुद्धिजीवी सम्झना प्रधानको भनाइ छ । उनले भनिन्, 'आगामी दिनमा यस पुस्तकालयलाई अझ पाठकको सुविधामा पुग्नेगरी समयसापेक्ष सुधार हुन आवश्यक छ, त्यसका लागि पुस्तकालयको भवन जीर्णोद्वार गर्न आवश्यक देखिन्छ ।'

वि.सं. २०१२ मा स्थापना भएको हाल भोजपुर नगरपालिका-४ सिद्धेश्वर, दाँवामा रहेको जनहित पुस्तकालयसमेत अहिले नियमितरूपमा सञ्चालनमा आउन सकेको छैन । पुस्तकालयको आफ्नै निजी भवन रहेको सचिव गणेश श्रेष्ठले जानकारी दिए । सचिव श्रेष्ठले भने, 'यस पुस्तकालयमा करिब चार हजार पुस्तक छन्, पाठक अभावका कारण हाल नियमित सञ्चालनमा भने आउन सकेको छैन ।' यसलाई पनि अहिलेको प्रविधिसँगै इ-लाइब्रेरीको अवधारणामा सञ्चालन गर्न सकिएमा राम्रो हुने श्रेष्ठको भनाइ छ । ऐतिहासिक पुस्तकालय सञ्चालनका लागि छुट्टै अवधारणा बनाइनुपर्ने श्रेष्ठ बताउँछन् ।

ऐतिहासिक पुस्तकालय सञ्चालन गर्न सकिएमा सबै पक्षलाई राहत मिल्ने स्थानीय तथा पूर्वपरराष्ट्रसचिव दुर्गाप्रसाद भट्टराईको भनाइ छ । उनले भने, 'आधुनिकतासँगै विगतमा सञ्चालनमा रहेका पुस्तकालय पनि इ-लाइब्रेरीको अवधारणामा सञ्चालन गरिनुपर्छ ।' दाँवामा रहेको ऐतिहासिक पुस्तकालय व्यवस्थित गर्ने विषयमा पनि प्रयासरत छौं ।' *रासस*

# नमूना सदरमुकामको काम अझै अघि बढेन

**त्रिवेणी (नवलपरासी)–** नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको नमूना सदरमुकाम निर्माणको काम अघि बढ्न सकेको छैन । जिल्लामा हुने सबै सरकारी कार्यालय एकै स्थानमा निर्माण गर्ने गरी अघि बढाइएको योजनाको काम अघि बढ्न नसक्दा योजना नै कार्यान्वयन नहुने हो कि भन्ने चिन्ता बढ्दै गएको छ । वि.सं. २०७२ असोज ३ गते मुलुकमा जारी भएको संविधानले साविक नवलपरासीलाई नवलपरासी (बर्दघाट सुस्तापूर्व) र नवलपर ासी (बर्दघाट सुस्ता पश्चिम)मा विभाजन गरेको थियो ।

> नयाँ जिल्लाका रूपमा स्थापित नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा जिल्ला, प्रदेश र संघ मातहतका कार्यालय स्थापना हुने क्रम बढ्यो तर सबै कार्यालय भाडाका घरमा विकल्पमा नयाँ सदरमुकामलाई व्यवस्थित बनाउने योजनाअनुसार कावासोतीमा रहेको १८७ बिघा जग्गा सरकारको मातहतमा ल्याइएको थियो ।

विभाजनसँगै नयाँ जिल्लाका रूपमा स्थापित नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा जिल्ला, प्रदेश र संघ मातहतका कार्यालय स्थापना हुने क्रम बढ्यो तर सबै कार्यालय भाडाका घरमा रहनुपर्ने बाध्यता रह्यो । विकल्पमा नयाँ जिल्लाको सदरमुकामलाई व्यवस्थित बनाउने योजनाअनुसार कावासोतीमा रहेको १८७ बिघा जग्गा सरकारको मातहतमा ल्याइएको थियो । उक्त स्थानमा जिल्लामा रहने सबै कार्यालय स्थापना गर्ने योजना अघि बढेको थियो ।

सोहीअनुसार वि.सं. २०७६ वैशाख सात नमूना सदरमुकाम निर्माणको तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरेका थिए । हालसम्म सदरमुकामको काम अघि बढ्न नसक्नु चिन्ताको विषय भएको जिल्ला समन्वय समिति नवलपर ासी (बर्दघाट सुस्तापूर्व) नवलपुरका प्रमुख बाबुराम विश्वकर्माले बताए । नवलपुरको गौरवको योजनाका रूपमा रहेको यो योजना निर्माणको काम अघि बढ्न नसक्दा निराशा छाएको उनले बताए । 'हामी नयाँ जिल्लाका रूपमा स्थापना भयौं, नमूना सदरमुकाम निर्माण गर्ने महत्त्वकांक्षी योजना तयार भयो, तर अहिलेसम्म कुनै काम अघि बढ्न नसक्दा निराश छौं,' प्रमुख विश्वकर्माले भने ।

नमूना सदरमुकाम निर्माणका लागि सरकारले चासो नदिएको उनको भनाइ छ । 'सरकारले नयाँ जिल्लालाई स्थापित गराउने तत्परता नदेखाएजस्तो लाग्यो, न आवश्यक बजेट, न कुनै काम अघि बढेको छ,' उनले भने ।

नमूना सदरमुकामको काम अघि बढ्न नसकेपछि गत आइतबार जिल्ला समन्वय समिति नवलपुरको समन्वयमा जिल्लाका सांसद, स्थानीय तहका जनप्रतिनिधि, जिल्लास्थित राजनीतिक दलका प्रतिनिधिको टोलीले प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटेका थिए । जिल्लाको महत्त्वपूर्ण योजना अघि बढ्न नसक्दा आम समुदायमासमेत निराशा छाएपछि यसको कामलाई अघि बढाउन आवश्यक बजेटको व्यवस्था गरिदिन प्रधानमन्त्रीलाई भेटेको गण्डकी प्रदेशका प्रदेशसभा सदस्य रोशनबहादुर गाहाले बताए । 'प्रधानमन्त्रीलाई समेत ध्यानाकर्षण गराएका छौं, सदरमुकाम निर्माणमा पहल गरिदिन भनेर, योसँगै जिल्लाका अन्य ठूला योजनाले समेत गति लिन सकेका छैनन्, केन्द्रको नजरमा नवलपुर ओझेलमा पऱ्यो,' प्रदेशसभा सदस्य गाहाले भने ।

करिब १६ अर्ब रूपैयाँ लागतमा नमूना सदरमुकाम निर्माण गर्ने योजना रहेको थियो । भवन निर्माण कुन ढंगबाट अघि बढाउने अझै अन्योलता रहेको छ । सुरुमा एकीकृतरूपमा सबै कार्यालयको सेवा एकै स्थानबाट दिने गरी भवन बनाउने योजना रहेको थियो । पछि उस्तै प्रकारका सेवाका प्रकृति भएका दुई कार्यालय जोडेर भवनको डिजाइन तयार पारिएको थियो ।

सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय चितवनले सोहीअनुसार काम अघि बढाउने जनाएकामा बहुवर्षीय योजना कायम गराउन नसक्दा काम अघि बढाउन नसकेको बताउँदै आएको छ । नमूना सदरमुकाम निर्माणस्थलमा संघ मातहतका १६ र प्रदेश मातहतका ११ कार्यालय निर्माण गर्ने गरी प्रारम्भिक गुरुयोजना तयार पारिएको थियो । साथै पुस्तकालय, सभाहल, बैंक, अतिथि गृह, आवास गृह, रंगशाला, सूचना केन्द्र, प्रहरी तालिम केन्द्र, पार्कलगायतका संरचनासमेत निर्माण गर्ने योजना रहेको छ ।

योजना प्रारम्भ भएको चार वर्ष बित्दासमेत निर्माणस्थलमा कच्ची बाटो बनाउने कामबाहेक हालसम्म कुनै कार्य अघि बढ्न सकेको छैन । यता जिल्लामा रहेका सबै सरकारी कार्यालय अहिले पनि भाडाकै घरमा रहेका छन् । यसले एकातर्फ खर्च बढेको छ भने व्यवस्थित कार्यालय नहुँदा सेवा प्रवाहमासमेत असहजता हुने गरेको जिसस प्रमुख विश्वकर्माले बताए । *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NUZHAT TRADING AND CLEANING

पुर्व स्वीकृति मिति २०८०/०२/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/१५ LT. No. 287450 चलानी नं : ६०२०२७८५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Business Executive | 1 | 0 | 4000 | १४५,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Representative | 14 | 0 | 2500 | ९१,१०० | | | | | | | |
| 3 | Driver | 3 | 0 | 1500 | ५४,६०५ | | | | | | | |
| 4 | Building Worker | 2 | 0 | 1200 | ४३,६८५ | | | | | | | |
| 5 | Dry Clean Worker | 0 | 1 | 1400 | ५०,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २३ गते (9th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५

**Lucky Human Resource Pvt.Ltd.**

G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401

E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## कुवेत/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DIYAR PUBLIC FACILITIES MANAGEMENTS CO.

पूर्व स्वीकृति मिति २०८०/०४/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/१५ LT. No.290808 चलानी नं. ६०२०६२३५२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Security guard | 30 | 0 | 130 | ५६,०६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Body guard | 20 | 0 | 140 | ६०,३८० | | | | | | | |
| 3 | Cleaner | 50 | 20 | 90 | ३८,८१५ | | | | | | | |
| 4 | Driver light GCC | 25 | 0 | 140 | ६०,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: सुनसरी, अन्जली ट्रेडिङ सेन्टर प्रा.लि., ईटहरीमा मिति: २०८० भदौ १९ गते (5th Sep. 2023) मा हुनेछ ।
झापा, बिर्तामोड, सि.पि. होटल मा मिति: २०८० भदौ २० गते (6th Sep. 2023) मा हुनेछ ।
सम्पर्क नं: (सुनसरीको लागि) ९८०२७०२५४५, ९८४२१४७२६०, ९८०५३३८६७६, ९८०८३४९३३४
सम्पर्क नं: (झापाको लागि) ९८०१४२३७५९, ९८०१४५५०१४, ९८०१४५५०१५, ९८०१४५५९६६

कम्पनी : AL ARBIYA TRADING

पूर्व स्वीकृति मिति: २०८०/०३/२२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/१५ LT. No.288972 चलानी नं. ६०२०४३५९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Administrative Supervisor | 4 | 0 | 3000 | १०८,३५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 4 | 0 | 1000 | ३६,१२० | | | | | | | |
| 3 | Salesman | 0 | 2 | 1300 | ४६,९५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २३ गते (9th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIYADAT EXCELLENCE CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति: २०८०/०२/०७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/१५ LT. No.286412 चलानी नं. ६०२०१७८६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RIYADAT EXCELLENCE CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति: २०७९/१२/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/१५ LT. No.284306 चलानी नं. ६०१९९६७५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २३ गते (9th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८४/०५९/०६०

**Pigeon International Overseas Pvt. Ltd**

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal

Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np

Website www.pigeoninternational.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ENK CO FOR CONSUMER ORDER DELIVERY

पूर्व स्वीकृति मिति २०८०/०३/०७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/१५ LT. No.288209 चलानी नं. ६०२०३५०२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Light Driver | 30 | 0 | 130 | ५५,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ देखि २० गते (3-6th Sep. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**

Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795

E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com

श्रम ईजाजत नं. ४४८/०६०/०६१

# प्रभाव दैनिक

रूपशाला

शनिबार, १६ भदौ २०८० (Saturday, September 2, 2023)



**फेरि आउँदै 'गोल्डेन ओक कमेडी यात्रा'**

नेपालकै सुप्रसिद्ध तथा लोकप्रिय ब्राण्ड गोल्डेन ओक ब्लेन्डेड माल्टले नेपालीहरूलाई हाँसोको नौलो संगालो दिने तयारी गरेको छ। यसका लागि गोल्डेन ओकले विभिन्न शहरहरूमा 'गोल्डेन ओक कमेडी यात्रा' ल्याउन लागेको हो। दर्शकहरूलाई खित्का छाड्दै हसाउने अनि उफ्रि उफ्रि नचाउने सोचका साथ गोल्डेन ओकद्वारा आयोजित यस कमेडी यात्रामा ख्यातिप्राप्त कलाकारहरू जितु नेपाल, सुरेन्द्र के सी, मिलन नेवार, निरज नेपाल, सुमन कार्की, शिव शंकर रिजाल र कार्यक्रम सन्चालक राधिका कंडेललगायतले सम्पूर्ण दर्शकहरूका लागि मनोरञ्जन र कमेडीको अविस्मरणीय प्रस्तुति गर्नेछन्।





# 'काठमाडौं-कलिङ साहित्य महोत्सव' सुरु



■ प्रभाव संवाददाता

**ललितपुर–** यशस्वी प्रज्ञा-प्रतिष्ठान, नेपाल र कलिङ साहित्य महोत्सव (केएलएफ) भारतको संयुक्त आयोजनामा त्रिदिवसीय ' काठमाडौं-कलिङ साहित्य महोत्सव' ललितपुरस्थित हिमालय होटलमा सुरु भएको छ। भदौ १७ गतेसम्म सञ्चालन हुने महोत्सवको उद्घाटन गर्दै परराष्ट्रमन्त्री एनपी साउदले यस कार्यक्रमले साउथ एसियामा संस्कृति आदानप्रदानमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

उनले भने, 'यो महोत्सव नेपाललाई केन्द्र बनाएर काठमाडौंमा आयोजना हुनु हाम्रा लागि सुखद पक्ष हो, काठमाडौंसँग बनारसको संस्कृति, जनकपुरलाई अयोध्यासँग, विराटनगरलाई कुरुक्षेत्र हस्तिनापुरसँग जोड्न सकेनौं भने हामी अधुरो हुन्छौं, किनकि हामी संस्कृति र भाषाका कारण एकअर्कासँग जोडिएका छौं, हाम्रो समानता संस्कृत भाषा हो।'

उनले विभिन्न देशबाट नेपाल आएका साहित्यकारलाई यहाँको संस्कृति र सुन्दरतासँग रमाउन आग्रह गरे। काठमाडौं केएलएफकी निर्देशक तथा यशस्वी प्रज्ञा-प्रतिष्ठानकी संस्थापक रञ्जना निरौलाले साहित्यिक र सांस्कृतिक गतिविधिलाई प्रवर्द्धन गर्न महोत्सवको आयोजना गरिएको जानकारी दिइन्।

उनले भनिन्, 'यो महोत्सव दक्षिण एसियाली क्षेत्रका सभ्यता, सांस्कृतिक र आध्यात्मिक संवादका साथै साहित्यिक दृष्टिकोणलाई बलियो बनाउने उद्देश्यले सुरु गरिएको हो। पहिलो संस्करण झैँ दोस्रो संस्करणमा पनि नेपालको बृहत् साहित्यिक, सांस्कृतिक तथा आध्यात्मिक परम्पराबारे विश्लेषण र विश्वकै सोचको केन्द्रका रूपमा नेपालको यात्रालाई प्रतिबिम्वित गर्ने विषयवस्तुका बारेमा छलफल गर्नेछौं।'

उनले मन र मस्तिष्क खोलेर साहित्यमा हराउन आग्रह गर्दै प्रेरणा, प्रज्ञा र उत्सुकताले भरिएको तीनदिने महोत्सव स्मरणीय हुने विश्वास व्यक्त गरिन्। उद्घाटन समारोहमा 'यशस्वी साहित्य सम्मान' बाट प्राध्यापक अवधेश प्रधान, अभिनेत्री तथा लेखिका दिव्या दत्ता, प्राध्यापक माधवप्रसाद पोखरेल र अभिनेत्री मनिषा कोइरालालाई सम्मानको घोषणा गरिएको थियो। अभिनेत्री कोइराला भने कार्यक्रममा अनुपस्थित थिइन्।

यसै वर्षबाट सुरु गरिएको 'यशस्वी पुस्तक पुरस्कार' बाट आख्यानतर्फ लेखक विवेक ओझा (ऐँठन), सिर्जनात्मक गैर आख्यानतर्फ डाक्टर नवराज केसी (शुन्यको मूल्य), कथातर्फ रेनुका जिसी (सनेश), कवितातर्फ डाक्टर महेद्र मल्ल (भाषाको बकपत्र), जीवनीतर्फ गोविन्द गिरी 'प्रेरणा' (सुश्री पारिजात), बाल साहित्यतर्फ अनुराधा (छमछमको छमछमी), अनुवादतर्फ रिमा केसी (अमृता प्रितमका छानिएका कविता), खाद्य तथा औषधितर्फ नारायण घिमिरे (रैथाने खानपान र चाडपर्व), आत्मकथातर्फ लाक्पा डेन्डी शेर्पा (हिमालय म्याभरिक), अङ्ग्रेजी कवितातर्फ सुशान्त थापा (मिन्स अफ मेरिड) लाई पुरस्कृत गरिएको थियो।

कार्यक्रमको उद्घाटन समारोहमा केएलएफका संस्थापक तथा निर्देशक रश्मी रञ्जन परिडा, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान कुलपति निशा शर्मा, प्राध्यापक माधवप्रसाद पोखरेल, डाक्टर विवेक देवरोयलगायत उपस्थित थिए। यस महोत्सवमा नेपालसहित भारत, भूटान, बङ्गलादेश र श्रीलङ्काका लेखक तथा कलाकार भेला भएका छन्।

# ट्रेलरमा यस्तो देखियो फिल्म 'एक भगवत् गीता'



**काठमाडौं (प्रस)–** झरना थापा निर्देशित फिल्म 'एक भगवत् गीता'को ट्रेलर सार्वजनिक भएको छ।

शुक्रबार राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक ट्रेलरले फिल्म अल्पसंख्यक लैंगिक समुदाय (एलजीबीटआई) र मधेसको कथावस्तुमा बनेको झल्को दिएको छ। अभिनेता विपिन पारालैंगिक चरित्रमा देखिएको ट्रेलरमा अभिनेत्री सुहाना थापा र अभिनेता धीरज मगरको प्रेम सम्बन्ध र रोमान्स अटाएको छ।

सुनिलकुमार थापा प्रोडक्सनले निर्माण गरेको फिल्ममा विपिन, सुहाना र धिरजको अलावा अनुराग कुँवर, कबीर खड्का, जेविस श्रेष्ठ, जेविन श्रेष्ठ, संजोग रसाइली, मुकेश झा, राम कैलाश ठाकुर, धीरज ठाकुर, सुरेन्द्र राय, गंगाकान्त झाको अभिनय छ।

यही भदौ २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा कन्सेप्ट सुहाना थापा र कथा झरना थापाले तयार गरेका हुन्, राजेश श्रेष्ठको छायांकन, मित्र डि गुरुङको सम्पादन, हिमाल केसीको द्वन्द्व छ। फिल्मकी निर्माता अभिनेत्री सुहाना हुन्।

सुहाना इन्टरटेनमेन्ट र सुनिल कुमार थापा प्रोडक्सनको व्यानरमा निर्माण भएको फिल्म काठमाडौं उपत्यकामा गोविन्द शाहीको काफिया फिल्मस् र काठमाडौं बाहिर केदार पराजुलीको श्री कृष्ण फिल्मस्ले वितरण गर्दैछन्।

# रघुको फिल्ममा भित्रिए मुकुन

**काठमाडौं (प्रस)–** फिल्म 'बुलबुल' बाट चर्चा कमाएका अभिनेता हुन् मुकुन भुसाल। पहिलो फिल्मबाटै हिट हुन सफल उनले दोस्रो फिल्म 'झिँगेदाउ' मा पनि सफल भए। बिहीबारबाट उनी अभिनित दुई फिल्म 'ऐँचो पैंचौ' र 'गणपति' एकसाथ प्रदर्शनमा आएको छ।

दुवै फिल्म राम्रो हुने अपेक्षा उनको छ। केही फिल्म हिट दिँदा लगातार फिल्म हात पार्न सफल उनको पाइप लाइनमा ज्ञानेन्द्र देउजाको 'उपहार', मधुसूदन भट्टराईको 'दौँतरी' र विकास गिरीको ' बिजुली' समेत छ। यस्तैमा उनी अर्को फिल्ममा पनि अनुबन्धित भएका छन्।

चलचित्र पत्रकार सङ्घका महासचिव तथा निर्माता रघुनाथ सापकोटाको निर्माणमा बन्न लागेको एक फिल्ममा उनी मुख्य भूमिकामा अनुबन्ध भएका छन्। रघुजी फिल्मस्को ब्यानरमा निर्माण हुन लागेको फिल्ममा मिलन मिश्रको पनि अभिनय रहनेछ।

फिल्मको लागि अभिनेता फाइनल भए पनि अभिनेत्री खोजी भइरहेको निर्माता सापकोटाले बताए। नवीन भट्टको डेब्यू निर्देशन रहने फिल्ममा सुनील निउरेको पटकथा तथा संवाद रहनेछ।

कथा रघुनाथ सापकोटा स्वयंले लेखेका हुन्। ज्ञानेन्द्र शर्मा हुमागाईँको छायाङ्कन, अर्जुन पोखरेलको सङ्गीत रहने फिल्मको छायाङ्कन असोजको पहिलो साताबाट छायाङ्कन सुरु हुनेछ।

# दोस्रो सातामा सलोन र केकी अभिनित जय हो

**काठमाडौं (प्रस)–** अभिनेता सलोन बस्नेत र अभिनेत्री केकी अधिकारीको मुख्य भूमिका रहेको फिल्म 'जय हो' आजबाट प्रदर्शनको दोस्रो सातामा प्रवेश गर्न सफल भएको छ। समीक्षक र दर्शकबाट मिश्रित प्रतिक्रिया पाएको फिल्मले व्यवसाय पनि राम्रो गरिरहेको निर्माता शोभित बस्नेतले जानकारी दिए।

फिल्म पहिलो साता झैँ देशभरका हलमा दोस्रो सातामा प्रवेश गरेको भने छैन। किनभने हिजो बिहीबारबाट प्रदर्शनमा आएका 'ऐँचो पैँचौ' र 'गणपति'ले थुप्रै हल कब्जा गरेको छ।

फिल्मलाई टेक पौरखी राईले निर्देशन गरेका हुन्। सुरज ल्वागन (सरकार) र राज के अधिकारीको लगानीमा निर्माण भएको फिल्ममा केकी र सलोनका अलवा माओत्से गुरुङ, निशा अधिकारी, अर्पण थापा, सुमिन गुरुङ, सुशान्त श्रेष्ठको पनि अभिनय छ।

शोभित बस्नेत प्रस्तुतकर्ता रहेको फिल्ममा सम्राट् बस्नेतको द्वन्द्व निर्देशन, कविराज गहतराज र रामजी लामिछानेको कोरियोग्राफी, बनिश शाहको सम्पादन र समीर मियाँको भीएफएक्स छ। फिल्ममा सुरेश न्यौपानेको कथा लेखन, सौरभ लामाको छायाङ्कन, शम्भुजित बाँस्कोटा र सागर आले मगरको संगीत छ। फिल्म सलोन सलिना फिल्मसको ब्यानरमा निर्माण भएको हो।



**आइसिसी महिला टी-२० विश्वकप छनोट**

# नेपालको फराकिलो जित

## २.५ ओभरमै भेटायो बहराइनले दिएको ३२ रनको लक्ष्य



■ प्रभाव संवाददाता

**काठमाडौं–** मलेसियामा जारी आइसिसी महिला टी-ट्वान्टी विश्वकपको एसिया छनोटमा नेपालले बहराइनमाथि सानदार जित दर्ता गरेको छ।

मलेसियाको सिलोंग्र ट्रफमा लगातार दोस्रो जित हात पार्ने क्रममा नेपालले बहराइनलाई १० विकेटले पराजित गरेको हो।

बहराइनले दिएको ३२ रनको लक्ष्य नेपालले २ दशमलव ५ ओभरमा कुनै विकेट नगुमाई पूरा गऱ्यो। नेपालको जितमा ओपनर कविता कुवँरले १४ बलमा १७ रन बनाइन्। अर्का ओपनर सिता रानामगरले ३ बलमा २ रन बनाइन्। नेपालले १३ अतिरिक्त रन पाएको थियो।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको बहराइनले १५ दशमलब ४ ओभरमा ३१ रनमा अलआउट भएको थियो। बहराइनका लागि कप्तान दीपिकाले ११ रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। बहराइनका चार जना खेलाडी शुन्य रनमा आउट भएका थिए। ओपनर थारांगा इसुरी ५ रनमा आउट भइन्।

त्यस्तै इशारा मधुवान्थी र आशा समिल्देनले ५/५ रन बनाउँदा रसिका रथनामाली, अविरा वारिश अलि, प्राज्ना जगदीशा बाबु, मनाल मलिक शुन्य रनमा आउट भएका थिए।

नेपालका लागि इन्दु बर्माले ३ तथा खुसी डंगोलले २ विकेट लिइन्। १.४ ओभर बलिङ गरेकी खुशीले बिना कुनै रन २ विकेट हात पारेकी थिइन्।

पूजा महतो, कप्तान रुबिना क्षेत्री र कबिता कुँवरले समान १/१ विकेट लिइन्। यस जितसँगै २ खेल खेलेको नेपालले दुवै खेलमा जित हात पार्दै चार अंक जोडेको छ। नेपाल रनरेटको आधारमा समान खेल खेलेको युएईपछि समूहको दोस्रो स्थानमा रहेको छ।

नेपालले तेस्रो खेलमा १७ गते भुटानसँग र चौथो खेलमा १८ गते कतारसँग खेल्दैछ। नेपालले समूह चरणको अन्तिम खेलमा १९ गते युएईसँग खेल्दैछ। प्रतियोगिताको २१ गते सेमिफाइनल खेल रहेको छ। २२ गते प्रतियोगिताको फाइनल खेल रहेको छ। प्रतियोगितामा ११ राष्ट्रको सहभागीता रहेको छ। सहभागी ११ देशलाई दुई समूहमा विभाजन गरिएको छ।

प्रतियोगितामा समूह 'ए' मा नेपाल, बहरान, भुटान, मलेसिया, कतार र युएई छन्। समूह 'बी' मा चीन, हङकङ, थाईल्यान्ड, कुवेत र म्यानमार छन्। प्रतियोगितामा हरेक समूहका शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउनेछन्। फाइनलमा पुग्ने दुई टोलीले २०२४ मा हुने ग्लोबल टी-ट्वान्टी क्वालिफायर खेल्न पाउनेछन्।

### प्लेयर अफ द म्याच इन्दु

विश्वकप एसिया छनोटमा बहराइनविरुद्धको खेलमा नेपालकी इन्दु बर्मा प्लेयर अफ द म्याच भएकी छिन्। नेपाललाई १० विकेटको फराकिलो जित दिलाउन महत्वपुर्ण समयमा विकेट लिन सफल बर्मा प्लेयर अफ द म्याच बन्न सफल भएकी हुन्। इन्दुले ४ ओभरमा २ मेडन राखेर ५ रन खर्चिदै ३ विकेट लिएकी थिइन्। बर्माले २४ मध्ये २२ डट बल गरेकी थिइन्।

# बागमती प्रदेश क्रिकेट संघमा पारस

■ प्रभाव संवाददाता

**काठमाडौं–** पारस खड्का बागमती प्रदेश क्रिकेट संघको अध्यक्षमा निर्वाचित भएका छन्।

काठमाडौंमा शुक्रबार भएको दोस्रो साधारण सभाले प्रदेश संघको नेतृत्वमा खड्कालाई निर्वाचित गरेको हो।

अध्यक्षका प्रत्यासी उमेर पियालाई हराउँदै खड्का अध्यक्षमा निर्वाचित भए। खड्काले २३ मत पाए भने पियाले १४ मत प्राप्त गरेका थिए।

१३ सदस्यीय कार्यसमितिका लागि शुक्रबार निर्वाचन भएको थियो। कार्यसमितिमा अधिकांश खड्का प्यानलबाट निर्वाचित भएका छन्।



खड्का यसअघि काठमाडौं जिल्ला क्रिकेट संघको कार्यसमिति सदस्यमा निर्वाचित भएका थिए। उनी काठमाडौं जिल्लाबाट प्रतिनिधि भएर प्रदेश निर्वाचनमा होमिएका थिए।

पारसलाई बागमती प्रदेशभित्रका काठमाडौं, भक्तपुर, ललितपुर र मकवानपुर सहितका जिल्लालाई खुल्ला रूपमा समर्थन गर्दै नेतृत्वको रूपमा अघि सारेका थिए। राष्ट्रिय क्रिकेट टिमका पूर्व कप्तान खड्का क्यानको आसन्न निर्वाचनमा नेतृत्वका आकांक्षी छन्।

# नेपालगञ्ज म्याराथनको नवौं संस्करण मंसिर ९ गते

■ प्रभाव संवाददाता

**काठमाडौं–** नवौं संस्करणको धारा नेपालगन्ज म्याराथन मंसिर ९ गते आयोजना हुने भएको छ। आयोजक संस्था क्रियटिभ ह्याण्ड्सले नवौं संस्करणको प्रतियोगिताको मिति शुक्रबार सार्वजनीक गरेको हो।

सरकार र तत्कालीन विद्रोही नेकपा माओवादीबीच विस्तृत शान्ति सम्झौता भएको २०६३ साल मंसिर ५ गतेको स्मरणमा हरेक वर्ष मंसिरको पहिलो शनिबार नेपालगन्ज म्याराथन हुदै आएको छ।

दशक लामो सशस्त्र द्वन्द्व विधिवत अन्त्य भई देशले शान्ति, विकास र समृद्धिको बाटोमा यात्रा तय गरेको दिनको स्मरण गर्दै मंसिर ५ गते नेपालगन्जको बीपी चोक र कोहलपुर चौराहामा दीप प्रज्वलन हुदै आएको छ।

आयोजक संस्थाले प्रतियोगिताका लागि २०८० साल भदौ १ गते देखि खेलाडी दर्ता खुला गरिएको जनाएको छ। नेपालगन्ज म्याराथनको वेभसाइटमा गएर फर्म दर्ता गर्न सकिने र दर्ता शुल्क भुक्तानी गर्न सकिनेछ।

यस बर्ष अघिल्लो वर्षमा चार विधा थप गरि बिभिन्न १४ वटा विधामा स्पर्धा समावेश गरिएको छ। स्कुलस्तरीयमा बाह्य जिल्ला र स्कुल स्तरमा पनि कक्षा ६ देखि ८ तथा ९ देखि १२ सम्मको अलग-अलग स्पर्धा गराइने आयोजक संस्थाले जनाएको छ।

प्रतियोगितामा पुरुषतर्फ म्याराथन, महिलातर्फ हाफ म्याराथन, १० किमी पुरुष-महिला खुल्ला, ५ किमी स्कुलस्तरीय छात्र एवं छात्रा, किड्स रन (८ देखि १२ बर्ष उमेर समुह), ५ किमी कर्पोरेट रन, ५ किमी ट्राइसाइकल र ५ किमी वाकाथन समावेश गरिएको छ।

स्कुलस्तरीय दौडलाई बाँके जिल्ला तथा बाह्य जिल्ला गरी अलग अलग स्पर्धा गराएर पुरस्कृत गरिने बताईएको छ। त्यसैगरी, बाँके जिल्लाका हकमा कक्षा ६ देखि ८ तथा ९ देखि १२ सम्मको अलग अलग ५ किलोमिटरको दौड सञ्चालन गर्ने आयोजकको तयारी छ।

नेपालगन्ज उपमहानगरपालिकाको गेटबाट सुरु भइ कोहलपुर नगरपालिकादेखि चार किलोमिटर उत्तर बानियाभार पुगेर सोही रुट भइ सुरुवाती बिन्दुमा पुगेपछि म्याराथनको कोर्स पुरा हुने आयोजक संस्थाका अध्यक्ष टीएस ठकुरीले जानकारी दिएका छन्।

# पोप फ्रान्सिस मंगोलिया भ्रमणमा



**उलानबटार–** पोप फ्रान्सिस चीन र रुसबीचको भूपरिवेष्ठित विशाल एसियाली राष्ट्रको भ्रमणमा शुक्रबार मंगोलियाको राजधानी उलानबटार आइपुगेका छन् । बौद्धमार्गीको बाहुल्य रहेको मंगोलियाको यो उनको पहिलो औपचारिक भ्रमण हो । ८६ वर्षीय पोपको चारदिने मंगोलिया भ्रमण यो देशमा रहेका करिब एक हजार ४०० क्याथोलिक समुदायका लागि समर्थन जुटाउन अधिकतम उपयोग हुने बताइएको छ ।

अर्जेन्टिनाका नागरिक पोप बिहीबार रोमबाट मंगोलियाको राजधानी उलानबाटारको लागि प्रस्थान गरेका थिए । नौ घण्टाको विमान यात्रा पूरा गरेपछि उलानबटार विमानस्थलमा अवतरण गरेका उनलाई विदेशमन्त्री बाटमुन्ख बत्तसेसेगले स्वागत गरेका थिए ।

विमान उडेको केहीबेरमा आफूसँगै रहेका पत्रकारहरूसँग मंगोलियाको विशाल भूभाग तर कम जनसंख्या भएको देशबारे अनुमान गर्न सकिने बताउँदै कूटनीति भने गाह्रो कर्म भएको उनले उल्लेख गरे । कहिलेकाहीँ कूटनीतिमा हास्यको भावना पनि चाहिने उनले बताए ।

चिनियाँ हवाई क्षेत्र पार गरेर मंगोलिया आएका पोपले चिनियाँ राष्ट्रपति सी चिनफिङलाई टेलिग्राम सन्देश पठाएर अभिवादनसहित उनीप्रति शुभकामना व्यक्त गरेका छन् । चीनको हित, शान्ति र एकताका लागि ईश्वरीय आशीर्वादको प्रार्थना गरेको उल्लेख गरेका छन् ।

गत सेप्टेम्बरमा कजाकिस्तानको भ्रमणपछि पोप फ्रान्सिसको यस क्षेत्रमा भएको यो दोस्रो भ्रमणको भूराजनीतिक एवं रणनीतिक महत्त्व छ । यो भ्रमणलाई मंगोलियाको कमजोर लोकतन्त्रलाई सुदृढ तुल्याउन प्रोत्साहन गर्ने र गिर्जाघरलाई देशका विभिन्न भागमा सहज प्रवेश गर्न सघाउने विश्वास गरिएको छ ।

मध्य एसियाप्रतिको होली सी दृष्टिकोण तथा रूस र चीनसँगको सहकार्यलाई निरन्तरता दिने नीतिका रूपमा बुझ्न क्याथोलिक धर्मका विद्वान् मिशेल च्याम्बोनले एएफपीलाई बताएका छन् । *रासस/एएफपी*

# साउदी अरबमा पूर्वशिक्षकलाई मृत्युदण्ड

**रियाद–** साउदी अरबको एक अदालतले एक जना पूर्वशिक्षकलाई फाँसीको फैसला सुनाएको छ । सामाजिक सञ्जालमा भ्रष्टाचार नियन्त्रणमा सरकार निष्क्रिय रहेको तथा मानवअधिकार उल्लंघनका घटनामा प्रतिक्रियाविहीन बनेको टिप्पणी गरेका उनलाई मृत्युदण्डको सजाय सुनाएको अमेरिकी प्रसारण संस्था केबल न्युज नेटवर्क (सिएनएन)ले जनाएको छ ।

आतंकवादीविरुद्ध मुद्दा चलाउन सन् २००८ मा स्थापना गरिएको विशेष फौजदारी अदालतले ५४ वर्षीय पूर्वशिक्षक मोहम्मद अलघामदीलाई गत महिना उक्त फैसला सुनाएको उनका भाइ सइद बिन नासर अलघामदीलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ । बेलायत निर्वासनमा रहेका उनले आफ्नो जीवन पनि साउदीमा सुरक्षित नहुने बताएका छन् । साउदीमा कोही पनि सुरक्षित नभएको सन्देश उक्त फैसलाले दिएको टिप्पणी गर्दै सिएनएनले सामाजिक सञ्जालमा गरिएको सामान्य टिप्पणीलाई लिएर यति भयानक दण्ड सुनाउनु अभिव्यक्ति स्वतन्त्राताविरुद्धको फैसला भएको बताएको छ ।

अलघामदीमाथि साउदी नेतृत्वविरुद्ध षडयन्त्र गरेको, राज्यका संस्थालाई कमजोर पार्ने र आतंकवादी विचारधारालाई समर्थन गरेको अभियोग लगाइएको उनका भाइले बताएका छन् । मोहम्मदका भाइ र साउद अरब बाहिर निर्वासनमा रहेका मावनअधिकारकर्मी सइद अलका अनुसार घामदीले सरकारको आलोचना गर्दै जेलमा परेका आस्थाका बन्दी र धार्मिक व्यक्तिहरूको समर्थन गरेका थिए । उनले जम्मा पाँच वटा ट्वीटका लागि ज्यान अर्पण गर्नुपर्ने फैसला आएको मानवअधिकारवादी संस्था ह्युमन राइट्स वाचले बताएको छ । मानवअधिकारकर्मीहरूले अलघामदीविरुद्धको यो निर्णयले साउदीमा सामाजिक सञ्जालमा प्रकाशित आलोचना कति घातक हुन्छ भन्ने प्रस्ट पारेको बताएका छन् ।

सामाजिक सञ्जाल एक्स अर्थात् तत्कालीन ट्वीटरमा अलघामदीले सरकारी रवैया र भ्रष्टाचारको आलोचना गरेका थिए । दश जनाभन्दा कम 'फलोवर्स' भएका पूर्वशिक्षक अलघामदीलाई प्राणदण्डको घोषणा भएकामा अन्तर्राष्ट्रिय मावनअधिकारवादी संस्थाहरूले साउदी सरकारको आलोचना गरेका छन् ।

साउदी सरकार मृत्युदण्डका कारण अन्तर्राष्ट्रिय जगत्मा बारम्बार आलोचनाको पात्र बनेको छ । गत वर्ष १७४ जनालाई मृत्युदण्ड दिएको रियादले यो वर्ष ९४ जनाको प्राण हरण गरिसकेको छ । साउदीले मृत्युदण्ड कसरी दिन्छ भन्ने नखुलाए पनि क्रुर ढंगले शिरच्छेदन गर्ने उसको परम्परा छ ।

साउदी अरबका वास्तविक शासक युवराजधिराज मोहम्मद बिन सलमानको नेतृत्वमा देशलाई विश्वव्यापी पर्यटन र व्यापार गन्तव्यमा रूपान्तरण गर्ने महत्त्वाकांक्षी 'भिजन २०३० ' सुधार योजनालाई अघि बढाइए पनि मृत्युदण्डको कठोर सजायका प्रावधानमा उक्त मुलुक उदार हुन सकेको छैन । गत वर्ष एकै दिन ८१ जनालाई मृत्युदण्ड दिएकामा विरोध गर्दै एम्नेस्टी इन्टरनेसनलले साउदी अरबको भिजन–२०३० खोक्रो आश्वासनको पुलिन्दा भएको टिप्पणी गरेको थियो । *रासस/एएनआई*

# नोवेल पुरस्कारको भोजमा रूस, इरान र बेलारूसलाई पनि निम्तो

**स्टकहोम–** नोबेल फाउन्डेसनले गत वर्ष नोबेल पुरस्कार भोजमा आमन्त्रण नगरेका रुस, बेलारुस र इरानलाई यो वर्षको भोजमा सहभागी हुन निम्ता गरेको छ ।

युक्रेन युद्धका कारण गत वर्ष रुस र बेलारुसलाई बोलाइएको थिएन भने इरानको नाजुक मानवअधिकारको स्थितिलाई दृष्टिगत गरी तेहरानलाई पनि भोजमा आमन्त्रित गरिएको थिएन । बेलारुस रुसको प्रमुख सहयोगी हो भने उक्त देशका नेता अलेक्ज्याण्डर लुकाशेन्कोले रुसको विशेष सैन्य कारबाहीलाई समर्थन गरेका छन् ।

तेहरानले लामो समयदेखि आफ्नोमानवअधिकारकोअवस्थालाई लिएर अन्तर्राष्ट्रिय जगत्बाट आलोचनाको सामना गरिरहेको छ । संयुक्त राष्ट्रसंघले त्यहाँको सरकारले गत वर्षको विरोध प्रदर्शनमा मानवताविरुद्धको अपराध गरेको हुनसक्ने बताएको छ । प्रत्येक वर्ष स्विडेनको राजधानी स्टकहोममा नोबेल पुरस्कारका छ वटामध्ये पाँचवटा समारोह स्टकहोममा आयोजना हुने गरेका छन् भने नोबेल शान्ति पुरस्कार नर्वेको राजधानी ओस्लोमा प्रदान गरिन्छ ।

फाउन्डेसनले नोबेल पुरस्कारको मूल्यमान्यता नमान्नेहरूलाई पनि समावेश गर्न खोजेको जनाएको छ । अध्यागमन विरोधी स्वीडेन डेमोक्रचाट पार्टीका नेता जिमी अक्सनलाई पनि यस वर्ष पहिलोपटक आमन्त्रित गरिएको तर उनले आफू त्यहाँ उपस्थित नहुने बताएका छन् ।

फाउन्डेसनका कार्यकारी निर्देशक विदार हेल्गेसनले विश्वमा विभाजन बढ्दै गएको तथा क्षेत्रहरूमा विभाजित भइरहेको छ, जहाँ फरक विचारधारा भएकाहरूबीच संवाद पनि कम हुँदै गएकाले सबैलाई समेट्ने प्रयास गरिएको बताएका छन् । 'यो प्रवृत्तिलाई रोक्न हामीले नोबेल पुरस्कारसँग स्वतन्त्र विज्ञान, स्वतन्त्र संस्कृति र स्वतन्त्र एवं शान्त समाजको महत्त्वलाई बुझाउन निमन्त्रणाको दायरालाई फराक पारेका छौं,' हेल्गेसनले भनेका छन् । *रासस/एपी*

# पूर्वराष्ट्रपति ट्रम्पको अदालती सुनुवाइको प्रत्यक्ष प्रसारण हुने



**एटलान्टा–** एटलान्टाको फुल्टन काउन्टीका एक न्यायाधीशले पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उनीसँगै अभियोग लागेका अन्य १८ जनाको अदालती कारबाही टेलिभिजनमा प्रत्यक्ष प्रसारण गरिने बताएका छन् । ट्रायल युटचुबमा लाइभ स्ट्रिम पनि हुने फुल्टन काउन्टी सुपिरियर कोर्टका न्यायाधीश स्कट म्याकफीले घोषणा गरेका छन् ।

सन् २०२० को राष्ट्रपतीय निर्वाचनमा जर्जिया राज्यमा भएको चुनावी धोखाधडी र आफ्ना प्रतिद्वन्द्वी जो बाइडेनलाई हराउन ट्रम्पसहित १९ जनाले षडयन्त्र गरेको अभियोगको सुनुवाइ प्रत्यक्ष प्रसारण गर्ने घोषणा भएको हो ।

बिहीबार दायर गरिएको अदालतको कागजातमा पूर्वराष्ट्रपति ट्रम्पले आरोपहरूको प्रकृति र अदालतमा उपस्थित हुने आफ्नो अधिकारलाई पूर्णरूपमा बुझेको बताएका छन् । यद्यपि, उनले आफू दोषी नभएको दाबी गर्दै आफूविरुद्ध लगाइएका मुद्दा राजनीतिक रूपमा प्रेरित भएको बताएका छन् । गत साता उनले फुल्टन काउन्टीको जेलमा आत्मसमर्पण गरेका थिए ।

अर्बपति व्यापारी ट्रम्पलाई गत अप्रिलदेखि चारपटक आपराधिक रूपमा अभियोग लगाइएको छ तर उनी आगामी वर्ष हुने राष्ट्रपति निर्वाचनमा भाग लिने दृढ निश्चयका साथ अघि बढेका छन् । जर्जियामा उनीमाथि जालसाजी गरेको, सरकारी अधिकारीलाई झूठा बयान दिन अभिप्रेरित गरेकोलगायत चारवटा मुद्दा दायर गरिएको छ ।

यसअघि पूर्वराष्ट्रपति ट्रम्पमाथि वयस्क चलचित्रकी नायिका स्टोर्मी डेनियलसँगको यौनसम्बन्ध, त्यसलाई सार्वजनिक नगर्न निजलाई भुक्तान गरिएको ठूलो रकम, आफ्नो निजी निवासमा गोप्य सरकारी कागजात राखेको र ती कागतपत्र सरकारलाई फिर्ता गर्न अस्वीकार गरेको तथा संसद् भवनमा समर्थक परिचालन गरेर तोडफोड र आक्रमण गराएको अभियोग लगाइएको छ ।

सन् २०२० को जनवरी ६ तारिखमा अमेरिकी संसद् क्यापिटल हिलमा भएको हुलदंगा एवं आक्रमणमा सात जनाको मृत्यु हुनका साथै संसद्, महानगर र स्थानीय सुरक्षा निकायका १५० जना सुरक्षाकर्मी घाइते भएका थिए । त्यहाँ ट्रम्पले परिचालन गरेको भीडले अन्धाधुन्ध आक्रमण गरेको आरोप छ । *रासस/एपी*



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOOD CHOICE TRADING

पूर्व स्वीकृति मिति : २०८०/०२/२२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/१५ LT. No. 287258 चलानी नं. : ६०२०२६१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 8 | 0 | 1100 | ४०,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Designer | 1 | 0 | 1300 | ४७,३२५ | | | | | | | |
| 3 | Foreman | 9 | 0 | 2500 | ९१,०१० | | | | | | | |
| 4 | Furnit Upholsterer | 19 | 0 | 1500 | ५४,६०५ | | | | | | | |
| 5 | Furnit Wood Worker | 21 | 0 | 1500 | ५४,६०५ | | | | | | | |
| 6 | Labour | 12 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Painter | 2 | 0 | 1100 | ४०,०४५ | | | | | | | |
| 8 | Salesman | 2 | 0 | 1300 | ४७,३२५ | | | | | | | |
| 9 | Supervisior | 9 | 0 | 2500 | ९१,०१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २३ गते (9th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**

श्रम ईजाजत नं. १५३१/०७८/०७९

Bijay Chowk-9 Kathmandu , Nepal
Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HUTER MFG (M) SDN BHD

पूर्वस्वीकृति मिति २०७९/०६/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/१५ LT. No. 271062 चलानी नं. ६०१९८७८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 20 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २३ गते (9th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धी व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने :नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Gurung Management Overseas Pvt. Ltd.**

Govt. License 404/060/061

P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal
Tel: +977-1-4386936,4388012,4388013, 4380659 Fax: +977-1-4386937
E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np
Website : www.gurungoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BULLDOZER GULF GENERAL TRADING CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०७९/०८/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/१५ LT No.276678 चलानी नं ६०१९२२२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 6 | 0 | 100 | ४२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २३ गते (9th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**

श्रम ईजाजत नं. ७५१/०६४/०६५

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YUANDA QATAR ALUMINIUM INDUSTRY ENGINEERING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/१५ LT No. 291851 चलानी नं. ६०२०७०७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1500 | ५४,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Glass Install Worker | 15 | 0 | 1300 | ४७,३८५ | | | | | | | |
| 3 | Glass Technician | 10 | 0 | 1300 | ४७,३८५ | | | | | | | |
| 4 | Labour | 15 | 0 | 1000 | ३६,४५० | | | | | | | |
| 5 | Welder | 6 | 0 | 1300 | ४७,३८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २३ गते (9th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career Development Human Resource Pvt. Ltd.**

श्रम ईजाजत नं. १२३०/०७४/०७५

Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फचाक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ११२८०० | प्रति तोला – ११२२५० | प्रति तोला – १४८० |



**वाटर साइकलमा आन्तरिक पर्यटक** | भक्तपुरको पर्यटकीयस्थल नपुखु पोखरीमा वाटर साइकलमा रमाउँदै आन्तरिक पर्यटक ।

*तस्बिर: चन्द्रकला क्षेत्री/रासस*

# बंगलादेशमा नेपाल प्रवर्द्धन

**काठमाडौं (प्रस)–** नेपालको पर्यटकीय सम्भावना उजागर गरी बढीभन्दा बढी बङ्गलादेशी नागरिकलाई आकर्षण गर्ने उद्देश्यले बङ्गलादेशमा नेपाल प्रवर्द्धन गरिएको छ । प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) नेपाल च्याप्टरले पाटा बङ्गलादेश च्याप्टरसँगको सहकार्यमा 'क्रस बोर्डर टुरिजम विथ नेइबर' नामक पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम गरेको हो ।

बङ्गलादेश टुरिज्म बोर्ड, बङ्गलादेश पर्यटन कर्पोरेशन र पर्यटनसँग सम्बन्धित सबै सङ्घसंस्थाको सहकार्यमा यही भदौ नौदेखि १३ सम्म बङ्गलादेशको राजधानी ढाका र कोक्स बजारमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम आयोजना गरिएको पाटा नेपालले विज्ञप्तिमार्फत जनाएको छ ।

छिमेकी देशबीचको अन्तरदेशीय पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रममा नेपाल, भारत र बङ्गलादेशका सार्वजनिक र निजी पर्यटन क्षेत्रका सरोकारवाला गरी करीब दुई सय ५० को सहभागिता थियो । उक्त कार्यक्रम पाटा बङ्गलादेश च्याप्टरका अध्यक्ष शाहिद हमिदको निमन्त्रणामा पाटा नेपाल च्याप्टरका अध्यक्ष विभुति चन्द ठाकुरको नेतृत्वमा १३ नेपाली पर्यटन प्रतिनिधि र भारतको सिलिगुरी अवस्थित हिमालयन हस्पिट्यालिटी एण्ड टुरिजम डेभलपमेन्ट नेटवर्क (एचएचटीडीएन) का महासचिव सम्राट सन्यालको नेतृत्वमा १६ जना भारतीय पर्यटन व्यवसायीले विदेशी प्रतिनिधिको रूपमा सहभागीता जनाएका थिए ।

यस पाँच दिने परिचयात्मक भ्रमण एवं पर्यटन ब्यापार आदानप्रदान कार्यक्रमको उद्घाटन बङ्गलादेशका नागरिक उड्डयन तथा पर्यटनमन्त्री एवं महबुब अलीले गरेका थिए । कार्यक्रममा विदेशी प्रतिनिधिका लागि बङ्गलादेशको रमणीय एवं आकर्षक पर्यटकीय गन्तव्य तथा प्रोडक्टको परिचयात्मक भ्रमणसहित विदेशी प्रतिनिधि र स्थानीय पर्यटन उद्यमी तथा सरोकारवालाबीच बङ्गलादेशको ढाका र कक्स बजारमा बीटुबी आदानप्रदान सत्रसमेत आयोजना गरिएको थियो ।

क्रसबोर्डर तथा क्षेत्रीय पर्यटन प्रवर्द्धन गर्नका लागि आवश्यक यात्रा औपचारिकतालाई सरल बनाउनुपर्ने र अन्तरदेशीय पर्यटक प्रवर्द्धनका उपायहरूलाई आ-आफ्नो व्यवसायमा एकीकृत यात्रा प्याकेजको रूपमा प्रवर्द्धन गर्नेजस्ता अन्य महत्वपूर्ण विषयमा छलफल भएको थियो ।

# विद्युतीय सवारीसाधनलाई थप प्रवर्द्धन गर्ने उर्जामन्त्रीको घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** विद्युतीय सवारी तथा सामग्रीका बारेमा जानकारी गराउने उद्देश्यका साथ शुक्रबारदेखि यहाँ 'नेपाल इभी तथा नेपाल पावर लाइट एउण्ड इलेक्ट्रोनिक प्रदर्शनी'मेला सुरु भएको छ ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले मेलाको उद्घाटन गर्दै मुलुक क्रमशः ऊर्जामा आत्मनिर्भर हुँदै गएकाले विद्युतीय सवारीसाधन र उपकरणको प्रयोगलाई बढावा दिने उद्देश्यका साथ सरकारले आफ्ना नीति तथा कार्यक्रम अगाडि बढाएको जानकारी दिए । उनले सरकार दीर्घकालीन सोचका साथ ऊर्जा क्षेत्रको विकासका लागि प्रयत्नशील रहेको बताए ।

ऊर्जा क्षेत्रको समयानुकूल विकासका लागि सरकारले हालैमात्र नयाँ विद्युत् विधेयक तय गरेको र सङ्घीय संसदमा पेस हुने चरणमा रहेको मन्त्री बस्नेतको भनाइ छ । विद्युतीय सवारीसाधनको प्रवर्द्धनका लागि देशभर नै चार्जिङ स्टेशनको निर्माणलाई अभियानका रूपमा अगाडि बढाउने लक्ष्यका साथ काम भइरहेको उनको भनाइ छ ।

सरकारले देशभर नै पाँच सय वटा चार्जिङ स्टेशन निर्माण गर्ने तयारी गरेको छ । यस्तै, नेपाल विद्युत् प्राधिकरणले निर्माण गरेका ५० वटा चार्जिङ स्टेशन एकाधबाहेक अधिकांश सञ्चालनमा आइसकेका छन् ।

वातावरणीय सुरक्षा र जलवायु परिवर्तनले पारेको प्रभाव नियन्त्रणका लागि पनि स्वच्छ ऊर्जाको पहुँच विस्तार गर्नुपर्ने आवश्यकता बढेर गएको स्पष्ट पार्दै मन्त्री बस्नेतले सोही दिशामा सरकारले आफ्नो लक्ष्य तय गरेको बताए । विद्युतीय सामग्रीको प्रयोगमा बढावा दिनु भनेको वातावरणको संरक्षण गर्नु पनि हो भन्ने मान्यताको विकास गराउन मन्त्रालयले योजनाबद्ध पहल थालेको उनको भनाइ छ ।



प्रदर्शनीमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, यहाँस्थित भारतीय दूतावासका प्रतिनिधिलगायतको उपस्थिति थियो । तीन दिनसम्म चल्ने नेपाल पावर, लाइट एन्ड इलेक्ट्रिक, नेपाल कन्जुमर इलेक्ट्रोनिक्स एन्ड होम अपलायन्सेस तथा नेपाल इभी अन्तर ाष्ट्रिय प्रदर्शनीमा विद्युतीय सामग्रीका बारेमा जानकारी लिन सकिनेछ ।

तीनदिने उक्त प्रदर्शनी मिडिया स्पेस सोलुसन्स, फ्युचरेक्स ट्रेड फेर एन्ड इभेन्ट्स, एक्जिविसन एन्ड ट्रेड सर्भिसेस इन्डिया प्रालि तथा इलेक्ट्रिक भेइकल म्यानुफ्याक्चरर एन्ड इम्पोर्टर्स एशोसिएसन अफ नेपालको संयुक्त आयोजना रहेको छ । प्रदर्शनीमा स्वदेशी तथा विदेशी गरी सयभन्दा बढी कम्पनीका प्रदर्शनी कक्ष रहेका छन् ।

प्रदर्शनीमा विद्युतीय कार, विद्युतीय स्कुटर, मोटरसाइकल, विद्युतीय साइकल तथा रिक्सा, चार्जिङ स्टेसन, ब्याट्री, ट्रान्समिसन तथा डिस्ट्रिब्युसन सामग्री, ऊर्जा आपूर्ति तथा नियन्त्रण यन्त्र, हाउस वायरिङ सामग्री, वायर, केबल एवं कन्डक्टर, अत्याधुनिक प्रकारका स्विच, एलिडी लाइटिङ, इलेक्ट्रोनिक्स उपकरण, घरेलु विद्युतीय उपकरणहरू, कार्यालय प्रविधि तथा अन्य विद्युतीय सामग्रीका कम्पनीको सहभागिता रहेको उद्घाटनका क्रममा जानकारी दिइयो । प्रदर्शनीको सहयोगी संस्थामा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, नेपाल विद्युत् प्राधिकरणलगायत रहेका छन् ।

# हुम्ला आइपुग्यो चार हजार क्विन्टल खाद्यान्न

**सिमकोट (हुम्ला)–** काठमाडौँबाट केरुङ हुँदै हुम्लाका लागि आएको खाद्यन्न हिल्सा आइपुगेको छ । खाद्यन्न लोड भएका गाडीले केरुङबाट तिब्बती मार्गहुँदै चीनको ताक्लाकोटबाट हिल्सा आइपुग्न तीन दिन लगाएका थिए । हुम्लाका लागि खाद्यान्न बोकेका चालीस वटा गाडी हिल्सा आइपुगेको लिमिटेड सिमकोट शाखाले जनाएको छ । तीन दिन अगाडि खाद्यन्न लोड भएका चालिस गाडी काठमाडौँबाट छुटेका थिए ।

खाद्यान्नको समस्या भएको बेला लिमिटेडले चार हजार क्विन्टल खाद्यन्न पैदल मार्गबाट पठाएको हो । जिल्लामा खाद्यान्न समस्या देखिएका बेला केरुङ नाका हुँदै तिब्बती मार्गबाट हिल्सादेखि सिमकोटसम्म चार हजार क्विन्टल खाद्यान्न हिल्सा आइपुग्ने लिमिटेड शाखाका प्रमुख कृष्ण अधिकारीले बताए ।

खाद्यान्न अब सिमकोट ढुवानी गर्ने तयारी भइरहेको उनले बताए । उक्त खाद्यान्नमध्ये एक हजार क्विन्टल नाम्खा गाउँपालिकाको केन्द्र याल्वाङ बिक्री केन्द्रका लागि र तीन हजार क्विन्टल सिमकोट शाखाका लागि ढुवानी हुनेछ । ती खाद्यान्न अघिल्लो आर्थिक वर्षको हो । खाद्यान्न सिमकोट पुगेलगत्तै सर्वसाधारणलाई बिक्री वितरण गरिनेछ । तिब्बती मार्ग हुँदै आउने खाद्यान्न हवाईमार्गको खाद्यान्नभन्दा ढुवानीदर सस्तो पर्नेछ ।

काठमाडौँ, केरुङ, तिब्बत र हिल्सा हुँदै सिमकोट पुगेको खाद्यन्न प्रतिक्विन्टल सात हजार पाँच सय, नाम्खा गाउँपालिकाको याल्वाङसम्म ढुवानी हुने प्रतिक्विन्टल खाद्यन्न रु चार हजार आठ सय ढुवानी लाग्नेछ । जब कि नेपालगञ्जबाट हवाई मार्गबाट ढुवानी हुने खाद्यन्नको भाडा प्रतिक्विन्टल १६ हजार लाग्ने गर्छ भने सुर्खेतबाट प्रतिक्विन्टल रु १५ हजार पाँच सय लिमिटेडले तिर्दै आएको छ ।

# एनआइसी एसिया फुटसल सम्पन्न



**काठमाडौं (प्रस)–** एनआइसी एसिया बैंकले आयोजना गरेको एनआइसी एसिया फुटसल कप २०२३ प्रतियोगिता सम्पन्न भएको छ । कर्मचारीहरूबीचको टिमवर्क, नेतृत्व विकास तथा स्वस्थ प्रतिस्पर्धालाई प्रबर्द्धन गर्ने उद्देश्यअनुरूप आयोजित यस प्रतियोगितामा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा बैंकका ३९ सय भन्दा बढी कर्मचारीहरूको उत्साहपूर्ण सहभागीता भएको बैंकले जनाएको छ ।

सातै प्रदेशबाट छानिएका २० पुरुष र १५ महिला टिमहरूको निर्णायक खेल काठमाडौंमा अवस्थित धन्वन्तरी फुटसल ग्राउण्डमा भाद्र ९ गते सम्पन्न भएको हो । लिग तथा नक आउट चरणमा सम्पन्न भएको उक्त खेलको फाइनलमा पुरुषतर्फ बैंकको रजिष्टर्ड अफिस टिम बिजेता र डिजिटल पेमेन्ट इकोसिष्टम टिम उपबिजेता बने भने महिलातर्फ इमेज एक्पेरियन्स म्यानेजमेन्ट इन्फोर्समेन्ट टिम बिजेता र सुदुरपश्चिम प्रदेश बी टिम उपबिजेता बन्यो ।

खेल अवधिभर उत्कृष्ट खेल्ने महिलातर्फ सुदुरपश्चिम प्रदेश बी की रक्षा शाही र पुरुषतर्फ डिजिटल पेमेन्ट इकोसिष्टम टिमका विवेक चौधरी छनौट भएका छन् । त्यसैगरी उत्कृष्ट गोलकिपरतर्फ इमेज एक्पेरियन्स म्यानेजमेन्ट इन्फोर्समेन्टकी सोना थापा र रजिष्टर्ड अफिसका मञ्जित काकी रहेका छन् । अर्कोतिर उच्च स्कोररतर्फ कर्णाली प्रदेशकी उर्मिला चौधरी र रजिष्टर्ड अफिसका ठाकुर श्रेष्ठ रहेका छन् । प्रतियोगिताका बिजेता, उपबिजेता, उत्कृष्ट गोलकिपर, सर्वाधिक गोलकर्ताहरूलाई ट्रफि, मेडल र प्रमाणपत्रसहित सम्मान गरिएको छ ।

यस खालको प्रतियोगिता नेपालको कर्पोरेट (आन्तरिक) क्षेत्रमा हुने खेल इभेन्टमध्ये सबैभन्दा पहिलो प्रतियोगिता रहेको आयोजकको दावी छ । जहाँ प्रत्यक्ष संलग्न १२ सय भन्दा बढी कर्मचारी सहित कुल ३९ सय भन्दा बढी कर्मचारी संलग्न रहेको बैंकको विवरण छ । प्रतियोगिता समापन कार्यक्रमलाई शोभा बढाउन नेपाली राष्ट्रिय टिमका पूर्वकप्तान अनिल गुरुङ, नेपाली राष्ट्रिय फुटबल टिमका सहायक प्रशिक्षक थमन भुसाल, बैंकका नायब प्रमुख कार्यकारी अधिकृतद्वय सुधिर नाथ पाण्डे र सन्तोष राठी, प्रमुख डेभलोपमेन्ट अफिसर कैलाश गौतम, बैंकका कम्पनी सचिव दिपेन कार्की, बैंकको ब्राण्डिङ एण्ड कर्पोरेट कम्युनिकेसन्स् विभाग प्रमुख सरोज भट्टराई लगायतको उपस्थिति थियो ।

कर्मचारीहरूका लागि 'बैंक अफ फष्ट चोइस' बन्ने दीर्घकालीन लक्ष्य लिँदै गतिशील रूपमा अगाडि बढिरहेको एन आई सी एसिया बैंकले आफ्ना कर्मचारीहरूलाई अतिरिक्त क्रियाकलापहरूमा प्रोत्साहन गराउने अभिप्रायले आयोजित यस प्रतियोगिताको प्रादेशिक चरण भाद्र २ गते सम्पन्न भएको थियो । प्रतियोगिताको प्रादेशिक प्रतियोगिताहरू कोशी प्रदेशको बिराट चोकमा अवस्थित प्लानेट रिक्रिएसन सेन्टर, मधेश प्रदेशको बर्दिवासमा अवस्थित बर्दिबास फुटसल एरिना, वाग्मती प्रदेशको काठमाडौंमा अवस्थित धन्यन्तरी फुटसल, गण्डकी प्रदेशको पोखरामा अवस्थित बी-फिट स्पोर्ट्स, लुम्बिनी प्रदेशको मणिग्राममा अवस्थित युनिक फुटसल तथा नेपालगन्जमा अवस्थित नेपालगञ्ज फुटसल तथा रिक्रियसन सेन्टर, कर्णाली प्रदेशको सुर्खेतमा अवस्थित एमएनएस फुटसल, सुदूरपश्चिम प्रदेशको धनगढीमा अवस्थित डल्लुज फुटसलमा सम्पन्न भएका थिए ।

यो नेपालका नाम चलेका ब्राण्डहरूले १० लाखभन्दा बढी बराबरको क्यास तथा गिफ्टहरू उपलब्ध गराएर प्रतियोगितालाई सहयोग गरेका छन् । जसमा स्टिङ्ग, जि स्पोर्ट्स, झापा एफसी, एन आई सी एसिया बैंक कर्मचारी संघ, सुबिसु, एंकर नेपाल, बिग मार्ट, नुआद थाइ स्पा, द भान्नासुट होटल, ब्लाकबेरीज्, भोज, क्लब हाउस काठमाडौं, आइ मार्ट नेपाल, यति एयरलाइन्स, दराज र गोल नेपाल डट कम रहेका छन् ।

विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरूसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपांगता समेत हुन सक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणका अधिक प्रयोग गर्न नदिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ